# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com






**उफ ! गर्मी** | अत्यधिक गर्मी बढेपछि दाङको घोराही उपमहानगरपालिका–१८ रझेनास्थित कटुवाखोलामा शुक्रबार पौडी खेल्दै स्थानीय बालबालिका ।

*तस्बिरः कुलदीप न्यौपाने/रासस*

# देशकै तेस्रो ठूलो हेटौंडा सबस्टेसन सञ्चालनमा

- करिब चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सक्ने पूर्वाधार तयार
- वर्षायामको करिब ४० मेगावाट विद्युत् बंगलादेशतर्फ निर्यात गर्न त्रिपक्षीय सम्झौता हुने प्रधानमन्त्रीद्वारा जानकारी
- आन्तरिकरूपमा विद्युत्को खपत बढाउन पर्याप्त, भरपर्दो, गुणस्तरीय र सुरक्षित विद्युत् सेवा प्रवाहका लागि उच्च प्राथमिकताका साथ काम गर्न निर्देशन



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** देशभित्रको विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण तथा विस्तारका लागि मकवानपुरको हेटौंडा उपमहानगरपालिका–११ थानाभन्ज्याङमा निर्माण सम्पन्न भएको ४०० केभी क्षमताको हेटौंडा सबस्टेसनको उद्घाटन गरिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालले शुक्रबार मुलुकको तेस्रो ठूलो ४००/२२०/१३२/११ केभी क्षमताको हेटौंडा सबस्टेसन उद्घाटन गरेका हुन् ।

उद्घाटन समारोहमा प्रधानमन्त्री दाहालले नेपालभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको करिब ४० मेगावाट विद्युत् बंगलादेशतर्फ निर्यात गर्न यथाशीघ्र तीन मुलुकका विद्युत् व्यापारमा संलग्न निकायबीच त्रिपक्षीय सम्झौता हुने जनाउँदै त्यसपछि नेपालको विद्युत् बंगलादेश निर्यात सुरु हुने बताए । उनले बंगलादेश विद्युत् निर्यात सुरु हुने दिन नेपालको ऊर्जा विकास र विद्युत् बजार विस्तारका लागि थप महत्त्वपूर्ण हुने उल्लेख गरे ।

'केही दिनअघि भारतका समकक्षी नरेन्द्र मोदीजीको शपथ ग्रहण कार्यक्रममा जाँदा भएको भेटमा विगतमा गरिएका द्विपक्षीय सम्झौतालाई अझै सशक्तरूपमा कार्यान्वयन गर्ने, सीमा समस्या, पञ्चेश्वर जलविद्युत् आयोजनाको कार्यान्वयन, व्यापार तथा पारवहनलगायत विषयमा महत्त्वपूर्ण छलफल भएका छन्,' प्रधानमन्त्री दाहालले भने, 'यसबाट दुई मुलुकबीचको दीर्घकालीन विद्युत् व्यापार सम्झौता कार्यान्वयनमा महत्त्वपूर्ण उपलब्धि हासिल हुने विश्वास लिएको छु ।'

उनले देशभित्र खपत गर्न नचाहेर भारततर्फ विद्युत् निर्यात गरिरहेको नबुझ्न सबैलाई आग्रह गरे । देशभित्र खपत बढाउन अझै पनि पूर्वाधार अभाव रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले पूर्वाधार सुधार तथा विस्तार गर्ने र खपत गरी बढी बचत भएको विद्युत् निर्यात आवश्यक रहेकोमा जोड दिए ।

प्रधानमन्त्री दाहालले विद्युत्को पहुँच विस्तारमात्र नभई आन्तरिकरूपमा विद्युत्को खपत बढाउन पर्याप्त, भरपर्दो, गुणस्तरीय र सुरक्षित विद्युत् सेवा प्रवाहका लागि विशेष ध्यान दिएर उच्च प्राथमिकताका साथ काम गर्न ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिए । 'हेटौंडा सबस्टेसनलाई ढल्केबर सबस्टेसनसम्म जोड्ने ४०० केभी प्रसारण लाइन निर्माणमा विगत छ/सात वर्षदेखि अवरोध रहेको जानकारी पाएको छु ।



> करिब चार हजार मेगावाट विद्युत् प्रवाह गर्नसक्ने पूर्वाधार तयार हुनुलाई मैले देशको ऊर्जा विकासका लागि महत्त्वपूर्ण कोसेढुंगाको रूपमा लिएको छु । पूर्व-पश्चिम विद्युत् आपूर्ति गर्न र भारतर्फ थप विद्युत् प्रवाह तथा क्षेत्रीय विद्युत् व्यापारका लागि हेटौंडा सबस्टेसन अर्को ठूलो 'हब' बनेको छ ।
>
> ■ **पुष्पकमल दाहाल**
> प्रधानमन्त्री

(क्रमशः पृष्ठ २ मा)

## दक्षिण अफ्रिकाविरुद्ध खेल्दै नेपाल




अमेरिका र वेस्टइन्डिजमा जारी आइसिसी टी ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत समूह 'डी' अन्तर्गत नेपालले भोलि टेस्ट मान्यता प्राप्त राष्ट्र दक्षिण अफ्रिकाको सामना गर्दैछ । **समाचार पृष्ठ ६ मा**

# मेलम्चीको खानेपानी ठूलो वर्षा भएमात्र बन्द गरिने

**काठमाडौं–** मनसुन सुरु भएसँगै ठूलो वर्षा भएमा सरकारले मेलम्ची खानेपानी आयोजना बन्द गर्ने भएको छ । बिहीबारदेखि आयोजना बन्द गर्ने तयारी गरिएको भए पनि तत्काल मनसुन सक्रिय नहुँदा बन्द नगरिएको हो । मनसुनजन्य विपत्तिबाट मेलम्ची खानेपानी आयोजनालाई जोगाउन सरकारले वर्षा सुरु भएसँगै बन्द गर्ने र वर्षा अन्त्य भएसँगै खोल्ने गर्दै आइरहेको छ । जल तथा मौसम विज्ञान विभागले यो वर्ष औसतभन्दा बढी पानी पर्ने प्रक्षेपण गरेको छ ।

मनसुन सुरु भए पनि मुलुकको पूर्वी क्षेत्रमा मात्रै सक्रिय भएको र अन्य भू-भागमा सक्रिय भएको छैन । मनसुन सक्रिय भएर मेलम्ची आयोजनामा ठूलो क्षति पुग्ने सम्भावना देखिएमा जुनसुकै समयमा बन्द गरिने मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक रत्न लामिछानेले बताए । 'हिजो नै मेलम्ची खानेपानी आयोजना बन्द गर्ने तयारी थियो, तर वर्षा सुरु नभई किन बन्द गर्ने भनेर सुचारु गरिरहेका छौं,' उनले भने, 'यदि अचानक ठूलो वर्षा हुने सम्भावना देखियो भने जुनसुकै समयमा बन्द गर्नेछौं ।'

> बिहीबारदेखि आयोजना बन्द गर्ने तयारी गरिएको भए पनि तत्काल मनसुन सक्रिय नहुँदा बन्द नगरिएको हो

लामिछानेका अनुसार दैनिक १७ करोड लिटर पानी उपत्यकावासीलाई वितरण गरिने भनिए पनि हाल मेलम्ची खानेपानी आयोजनाबाट दैनिक २० करोड लिटर हाराहारीमा पानी वितरण भइरहेको छ । खानेपानी अभाव भइरहेको बेला तत्काल बन्द गर्नु उपयुक्त नरहेको उनको भनाइ छ ।

'हामीलाई परामर्शदाता र एसियाली विकास बैंकले मेलम्ची बन्द गर्नुपर्छ, नत्र आयोजनालाई मनसुनी विपत्तिले क्षति गर्छ भनिरहनुभएको छ,' उनले भने, 'अहिले उपभोक्ताहरूले खानेपानीको संकट भोगिरहेको अवस्थामा मेलम्चीको खानेपानीले केही राहत दिलाएको छ, तसर्थ जहिले वर्षा सुरु हुन्छ तहिले बन्द गर्छौं भनेर जवाफ दिएका छौं ।'

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# भरतपुरका ३४ हजारभन्दा बढी घरका सदस्य वैदेशिक रोजगारीमा



- वैदेशिक रोजगारीमा गएकामध्ये ७६.१२ प्रतिशत पुरुष २३.८८ प्रतिशत महिला
- वार्षिक भित्रिन्छ करिब १२ अर्ब विप्रेषण, एक व्यक्तिले औसतमा पठाउँछन् मासिक ३२ हजार रूपैयाँ
- विप्रेषणको ७३ प्रतिशत रकम ऋण तिर्न, घर खर्च, खाद्यान्न, स्वास्थ्य, शिक्षालगायत क्षेत्रमा खर्च

**चितवन–** भरतपुर महानगरपालिका क्षेत्रभित्रका ३४ हजार ५०८ घरका सदस्य वैदेशिक रोजगारीमा गएका पाइएको छ । महानगरभित्रका ९६ हजार ५९१ घरमध्ये ती घरका सदस्य वैदेशिक रोजगारीमा गएका हुन् । वैदेशिक रोजगारीका क्षेत्रमा अनुसन्धान गर्दै आएको गैरसरकारी संस्था पार्श्वचित्रले जनप्रतिनिधि सम्बन्धित निकायका प्रतिनिधिबीच मंगलबार यहाँ आयोजना गरेको अन्तर्क्रियामा सो तथ्यांक सार्वजनिक गरिएको हो । हाल ३० हजार ५५५ जना विदेशमा रहेकामा ११ हजार २३१ जना नेपाल फर्किएका छन् ।

हेविटासका कार्यक्रम संयोजक उमा पौडेलका अनुसार महानगरपालिकाबाट वैदेशिक रोजगारीमा गएकामध्ये ७६.१२ प्रतिशत पुरुष २३.८८ प्रतिशत महिला छन् । वैदेशिक रोजगारीमा जाने सबैभन्दा धेरै ब्राह्मण-क्षेत्री परिवारका छन् । ब्राह्मण-क्षेत्री १७ हजार ५६५ जना वैदेशिक रोजगारीमा गएको कार्यपत्र प्रस्तुत गर्दै उनले आदिवासी, जनजाति (पहाडी) आठ हजार ५७२ जना, आदिवासी जनजाति (मधेसी) एक हजार ७२ जना, अरू दलित तथा अन्य समुदायका रहेको बताइन् ।

भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले वैदेशिक रोजगारीमा रहेका नगरवासीको तथ्यांकसँगै उनीहरूको अवस्था बुझेर भावी नीति तथा कार्यक्रममा उनीहरूलाई समेट्न सहज हुने बताए । महानगरपालिकाको सामाजिक विकास समितिका संयोजक परमेश्वर खनालले देशका अन्य पालिकाकोक तुलनामा भरतपुर महानगरबाट वैदेशिक रोजगारीमा जानेको क्रम बढ्दै गएकामा चिन्ता व्यक्त गरे ।

### वार्षिक भित्रिन्छ करिब १२ अर्ब विप्रेषण

भरतपुर महानगरपालिकामा वार्षिक ११ अर्ब ९६ करोड ९१ लाख रूपैयाँभन्दा बढी विप्रेषण (रेमिटयान्स) भित्रने गरेको तथ्यांक सार्वजनिक भएको छ । सुरक्षित आप्रवासन (सामी) कार्यक्रमले सार्वजनिक गरेको तथ्यांकअनुसार सो रकम भरतपुरबाट वैदेशिक रोजगारीमा रहेका ३० हजार ५५५ जनाबाट भित्रिएको विप्रेषण रकम हो । सामी कार्यक्रम हेल्भेटास (नेपाल सरकारको सहकार्यमा काम गरिरहेको संस्था)की संयोजक पौडेलका अनुसार एक व्यक्तिले औसतमा मासिक ३२ हजार ६४३ रूपैयाँ विप्रेषण पठाइरहेका छन् । आएको विप्रेषणमध्ये ७३ प्रतिशत ऋण तिर्न, घर खर्च, खाद्यान्न, स्वास्थ्य, शिक्षालगायत क्षेत्रमा खर्च गरेको पाइएको उनले बताइन् ।

वैदेशिक रोजगारमा रहेका ३० हजार ५५५ जनाका २९ हजार १७७ परिवारले एक वर्षमा करिब १२ अर्ब रूपैयाँ विप्रेषण प्राप्त गर्ने गरेका संयोजक पौडेलले जानकारी दिइन् । उनका अनुसार १३ प्रतिशतले बचत, छ प्रतिशतले जिन्सी सम्पत्ति जोड्ने, चार प्रतिशतले जग्गा खरिद, तीन प्रतिशतले ऋण लगानी तथा एक प्रतिशतले मात्र व्यवसाय सञ्चालन गरेका पाइएको छ । विदेशबाट फर्केर आएका दुई हजार २७२ विभिन्न आयमूलक क्षेत्रमा रहेका तथा आठ हजार ९५९ जनाले केही नगरी बसेको पाइएको जानकारी संयोजक पौडेलले दिइन् । एक हजार ७४ जनाले स्थानीयस्तरमा आयआर्जनसम्बन्धी विभिन्न योजना बनाएका उनले बताइन् ।

विदेशबाट फर्केर यहाँ आएका व्यक्तिमध्ये तीन हजार ३५८ जनाले कुनै न कुनै सीप लिएर फर्केका पौडेलले बताइन् । सीप भएका तर प्रमाणपत्र नभएका व्यक्तिको संख्या पनि उल्लेख्य रहेको भन्दै उनले रोजगारमा रहेका कामदारमध्ये ३३.६१ प्रतिशतले मात्रै सीप सिकेर गएको उल्लेख गरिन् । उनले ५५ प्रतिशतले आवश्यक सूचना तथा परामर्शसमेत लिएर विदेश जाने गएको जानकारी दिइन् । *रासस*



पृष्ठ १ बीट क्रमशः

### देशकै तेस्रो ...

यस्तो रणनीतिक महत्त्वको प्रसारण लाइन निर्माणमा बाधक नबनी साधन बनिदिन स्थानीयलाई आग्रह गर्दछु,' प्रधानमन्त्री दाहालले भने, 'स्थानीय समुदायले उठाउनुभएका जायज मागलाई सम्बोधन गरी बाँकी काम तत्काल सम्पन्न गर्न सम्बन्धित पक्षलाई निर्देशित गर्दछु । साथै स्थानीय सरकार र प्रशासनलगायत सम्बन्धित निकायलाई विकास निर्माणमा आवश्यक सहयोग र सहजीकरण गरिदिन अनुरोध गर्दछु ।'

'देशमा केही भएको छैन, केही हुँदैन' भन्ने नकारात्मक भाष्यले स्थान पाउन थालेको परिस्थितिमा यस्ता ठूला पूर्वाधार निर्माण सम्पन्न हुनुले आशाको सञ्चार गराउनुका साथै गलत भाष्य र चर्चालाई तथ्य र तथ्यांकसहित निस्तेज तुल्याएको उनले उल्लेख गरे । 'तीन ठूला सबस्टेसन नेपालका नदी तथा खोलानालाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्न, पूर्व-पश्चिम विद्युत् आपूर्ति गर्न र नेपाल र भारतबीचको द्विदेशीय विद्युत् व्यापारका लागिमात्र नभएर उपक्षेत्रीय तथा क्षेत्रीय विद्युत् व्यापारका लागि सबस्टेसन मेरुदण्ड (ब्याकबोन) का रूपमा रहने छन्,' प्रधानमन्त्री दाहालले भने, 'सबस्टेसन निर्माण सम्पन्न भएसँगै ऊर्जा क्षेत्रको विकास र मुलुकको समृद्धितर्फको यात्रामा अर्को एउटा खुड्किलो थपिएको छ ।'

उनले विद्युत् उत्पादन र खपत गर्ने उपभोक्ताबीच जोड्न सयौं किलोमिटर दूरीमा पूर्व-पश्चिम, उत्तर-दक्षिण प्रसारण र वितरण लाइनका पूर्वाधार संरचना विस्तार तथा सुदृढीकरणको काम तीव्र गतिमा भइरहेका बताए । विगतमा आफ्नै नेतृत्वको सरकारले देशलाई लोडसेडिङको कहालीलाग्दो युगबाट मुक्त गरी उज्यालो नेपालको यात्रा अगाडि बढाएको स्मरण गर्दै प्रधानमन्त्री दाहालले भने, 'त्यतिबेला सहरी क्षेत्रमा लोडसेडिङ थियो तर देशको आधाभन्दा बढी गाउँबस्तीहरू अँध्यारोमै थिए । तर, अहिले करिब ९५ प्रतिशत भूभागमा राष्ट्रिय प्रसारण प्रणालीको विद्युत् पुगेको छ । वैकल्पिक ऊर्जासहित करिब ९९ प्रतिशत जनसंख्यामा विद्युत्को पहुँच पुगेको छ ।'

आगामी एकदेखि डेढ वर्षभित्र देशलाई पूर्णरूपमा विद्युतीकरण घोषणा गर्ने गरी सम्पूर्ण तयारी पूरा गर्न कार्यहरू भइरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले मुलुकका लागि सुनौला दिनहरू टाढा नरहनेको बताए । 'करिब चार हजार मेगावाट विद्युत् प्रवाह गर्नसक्ने पूर्वाधार तयार हुनुलाई मैले देशको ऊर्जा विकासका लागि महत्त्वपूर्ण कोसेढुंगाको रूपमा लिएको छु,' प्रधानमन्त्री दाहालले भने, 'पूर्व-पश्चिम विद्युत् आपूर्ति गर्न र भारततर्फ थप विद्युत् प्रवाह तथा क्षेत्रीय विद्युत् व्यापारका लागि हेटौंडा सबस्टेसन अर्को ठूलो 'हब' बनेको छ ।' नेपाली इन्जिनियर तथा प्राविधिकबाट नै डिजाइन तथा निर्माण सुपरीवेक्षण गरिएका ४०० केभीका तीनवटा सबस्टेसनको निर्माणबाट नेपालको प्राविधिक क्षमता वृद्धि भएको बताउँदै प्रधानमन्त्रीले उक्त ज्ञान, सीप र दक्षलाई अन्य आयोजनामा अनुशरण गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले देशभित्रको विद्युत् उपभोग क्षमता वृद्धि गरी बचत भएको विद्युत् निर्यात गर्ने र ऊर्जामा आत्मनिर्भर बन्ने योजनाका साथ काम अगाडि बढाइएको बताए । उनले प्रसारण लाइन निर्माणमा रहेको मार्गाधिकारको समस्या समाधान गर्न जलविद्युत् आयोजनामा प्रभावितलाई सेयर उपलब्ध गराउनेगरी कानुनी व्यवस्था गर्न लागिएको जानकारी दिए । मार्गाधिकारमा परेका जग्गाको कित्ताकाटको समस्या नीतिगतरूपमै सम्बोधन गर्न पहल भइरहेको मन्त्री बस्नेतको भनाइ छ ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, मकवानपुरका संघीय सांसदहरू दीपकबहादुर सिंह र महेश बर्तौलाले स्थानीयका जायज मागलाई सम्बोधन गरी विकास आयोजना अगाडि बढाउनुपर्नेमा जोड दिए । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विगत सात/आठ वर्षको तुलानामा अहिले विद्युत् उत्पादन, प्रसारण र वितरणको क्षेत्रमा गुणात्मक प्रगति भएको बताए । जग्गा प्राप्ति ऐनमा अध्यादेशमार्फत गरिएको संशोधनले प्रसारण लाइनको निर्माणमा जग्गा प्राप्तिको समस्यालाई झनै जटिल बनाएको उल्लेख गर्दै उनले उक्त संशोधनमा गरिएको व्यवस्थालाई संसद्बाट कानुन बनाउँदा विशेष ध्यान दिन अनुरोध गरे ।

प्राधिकरणका प्रसारण लाइन निर्देशनालयका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले हेटौंडा सबस्टेसनको निर्माण सम्पन्न भएसँगै करिब चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सक्ने पूर्वाधार तथा अन्य संरचना तयार भएको जानकारी दिए । हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइन आयोजना निर्माण सम्पन्न भएपछि ढल्केबरबाट पूर्व-पश्चिम चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सकिने हुँदा आन्तरिक रूपमा विद्युत् आपूर्ति सुदृढ हुने र भारतसँगको विद्युत् व्यापार थप विस्तार हुने उनले उल्लेख गरे ।

हेटौंडा सबस्टेसनलाई आवश्यकताअनुसार भविष्यमा थप विस्तार गर्दै जाने गरी निर्माण गरिएको आयोजना प्रमुख शुक्र देवकोटाले बताए । अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी)बाट नुवाकोटको रातमाटेबाट निर्माण हुने ४०० केभीको डबल सर्किट प्रसारण लाइन हेटौंडा सबस्टेसनमा ल्याएर जोडिने छ । यसका लागि हेटौंडा सबस्टेसनमा आवश्यक पूर्वाधार संरचना निर्माण गरिसकिएको छ ।

राष्ट्रिय विद्युत् विकास दशक कार्यक्रमअन्तर्गत सरकार र प्राधिकरणको संयुक्त लगानीमा हेटौंडा-ढल्केबर इनरुवा ४०० केभी सबस्टेसन विस्तार आयोजना सुरु गरिएको थियो । आयोजनाअन्तर्गतका तीनवटै सबस्टेसन निर्माण सम्पन्न भएका छन् । हेटौंडा ४०० केभी सबस्टेसन निर्माणका लागि सन् २०१८ डिसेम्बरमा ठेक्का सम्झौता गएिको थियो ।

सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाअन्तर्गत निर्माण गरिएको २२०/१३२/११ केभी हेटौंडा सबस्टेसन निर्माणका लागि सन् २०१८ डिसेम्बरमा ठेक्का सम्झौता भएको थियो । ४००/२२०/१३२/११ केभी हेटौंडा सबस्टेसनको अनुमानित लागत तीन अर्ब रूपैयाँ रहेको छ ।

विश्वव्यापीरूपमा फैलिएको कोरोना महामारी र त्यसको नियन्त्रण तथा रोकथामका लागि लागू गरिएको बन्दाबन्दीले आयोजना निर्माण प्रभावित भएको थियो । कोरोना महामारीका कारणले सबस्टेसन जडान हुने विभिन्न उपकरण र प्राविधिक पूर्वनिर्धारित समयमा नै आयोजनास्थलसम्म आइनपुगेको तथा विविध कारणले आयोजनाको निर्माणमा केही ढिलाइ भएको थियो । (राससको सहयोगमा)

### मेलम्चीको खानेपानी...

मौसमविद्ले बागमती प्रदेशमा पनि छिट्टै मनसुन सक्रिय हुने जानकारी दिएका छन् । काठमाडौं उपत्यकालगायत बागमती प्रदेशको केही स्थानमा शनिबारदेखि मनसुन सक्रिय हुने जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

महाशाखाको मौसमविद् सरोज पुडासैनीले हाल देशको पूर्वी भू-भागमा मनसुनी प्रणालीको प्रभाव रहेको र बाँकी भू-भागमा स्थानीय वायु, पश्चिमी वायु तथा भारतको विहार आसपास रहेको न्यून चापीय क्षेत्रको आंशिक प्रभावले मनसुन सक्रिय हुन नसकेको जानकारी दिए ।

मनसुन सुरु भएमा केही दिनपछि उपत्यकावासीको धारामा मेलम्चीको खानेपानी आउने सम्भावना न्यून छ । दुई वर्षअघि मेलम्ची खोलामा आएको बाढीले आयोजनामा करिब दुई अर्ब मूल्य बराबरको क्षति पुगेको गृह मन्त्रालयले जनाएको थियो । गत साउन २८ र २९ गतेको बाढीले फेरि आयोजनाको संरचनामा क्षति पुगेको थियो ।

मनसुन सकिएपछि मेलम्चीको खानेपानी पुनः वितरण गरिने भनिए पनि माघ १ गतेमात्रै वितरण गरिएको थियो । मौसम पूर्वानुमान माहाशाखाका अनुसार सामान्यतया नेपालमा जुन १० मा मनसुन अवधि सुरु हुने र चार महिनासम्म मनसुन अवधि रहन्छ । यस अवधिसम्म बागमती सुधार आयोजनाअन्तर्गतको धाप ड्यामबाट पानी ल्याएर उपत्यकावासीलाई वितरण गर्ने तयारी गरिएको छ । त्यसका लागि अधिकार सम्पन्न बागमती सभ्यता-एकीकृत विकास समितिसँग सहमति भएको विकास समितिका कार्यकारी निर्देशक लामिछानेले जानकारी दिए ।

काठमाडौं उपत्यका खानेपानी लिमिडेटका प्रवक्ता प्रकाशकुमार राईले उपत्यकामा मेलम्चीको खानेपानी बन्द भएपछि खानेपानीको अभाव बढ्ने भएकाले खानेपानी आपूर्ति व्यवस्थापनलाई सहज बनाउन धाप ड्यामबाट दैनिक चार करोड लिटर पानी ल्याउने सहमति भएको जानकारी दिए । 'मेलम्ची खानेपानीबाहेक विभिन्न स्थानबाट यो सुक्खा समयमा नौ करोड लिटर दैनिक उपभोक्तालाई खानेपानी वितरण हुन्छ, त्योमध्ये ४० प्रतिशत भूमिगत पानीले कभर गर्छ,' उनले भने, 'अब मेलम्चीको पानी बन्द भएपछि उपत्यकामा फेरि पानीको अभाव हुन सक्छ, मेलम्चीको विकल्पमा अन्य आयोजनाहरूको खोजी गरिनुपर्छ ।'

उनका अनुसार काठमाडौंमा दैनिक ४३ करोड लिटर खानेपानी माग भए पनि आवश्यकताअनुसार आपूर्ति गर्न सकिएको छैन । उपत्यकामा बढ्दो जनसंख्यासँगै भूमिगत पानी, पोखरी, ढुंगेधारा सुक्दै जाँदा खानेपानी अभाव बढिरहेको छ ।

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सञ्जीवविक्रम रानाले उपत्यकामा मेलम्चीको खानेपानीले आपूर्ति व्यवस्थापनमात्रै नगरेर जमिनमुनिको पानीको सतह बढाएको जानकारी दिए । बोर्डका अनुसार उपत्यकामा रहेका ८३७ वटा ढुंगेधारामध्ये ११७ वटा ढुंगेधारा लोप भइसकेका छन् । सञ्चालनमा रहेका ७२० मध्ये ३२० ढुंगेधारा सुकिसकेका छन् । कतिपय ढुंगेधारालाई जीवत बनाउन पानीको स्रोत खोज्नुपर्ने र त्यसो गर्दा झन् पानीको स्रोतहरू हराउने खतरा रहेको उनको भनाइ छ ।

भू-गर्भविद् डा. सुवोध ढकालले उपत्यकामा बढ्दो जनसंख्यासँगै जमिनमुनिको पानीको बढी आपूर्ति हुने, भौतिक पूर्वाधारहरूको विकासका कारण सहतमुनि पानीको रिचार्ज नहुनेलगायतका कारण सहतमुनिको पानी घट्दै गएको जानकारी दिए । सहतमुनिको पानी संरक्षण गर्दै मेलम्ची खानेपानी आयोजनालाई दिगो बनाउन सकेमा उपत्यकामा खानेपानीको दिगो समाधान गर्न सकिने विज्ञहरूको सुझाव छ । समितिले मेलम्ची खानेपानी आयोजनालाई दिगो बनाउन नयाँ स्थान (सार्कस्थली) मा आयोजना सार्ने तयारी गरिरहेको जानकारी दिएको छ । *रासस*

# रातो मच्छिन्द्रनाथ रथयात्रा साउन १७ मा

**ललितपुर–** वर्षा र सहकालका देवताका रूपमा पुजिने रातो मच्छिन्द्रनाथको रथयात्रा आगामी साउन १७ गते प्रारम्भ हुने भएको छ । हाल मच्छिन्द्रनाथको रथ ललितपुरको स्थानीय थती टोलमा रोकिएको छ ।

पुल्चोकमा रथारोहण गरी सुरु भएको मच्छिन्द्रनाथको रथयात्रा ललितपुरको गाःबाहल, मंगलबजार, सुन्धारा, लगनखेललगायत विभिन्न ठाउँमा घुमाइएर थती टोलमा राखिएको रथ उक्त दिनदेखि तानिने मच्छिन्द्रनाथका पुजारी शाहु शाक्यले जानकारी दिए ।

साहु शाक्यका अनुसार गत वर्षको जात्रा ३५ दिनमा सकिए पनि यो वर्षको जात्रा पात्रोअनुसार तीन महिनापछि समापन हुने छ । उनले भने, 'साउन १७ गते थतीटोलबाट रथ तानेर जावलाखेल चोकमा पुऱ्याएमा २० गते भोटोजात्रा हुन्छ । यदि मच्छिन्द्रनाथको रथ जावलाखेल पुग्न दुई दिन लागेमा २१ गते भोटोजात्रा हुने छ ।'

ललितपुरमा हरेक वर्ष हुने रातो मच्छिन्द्रनाथको रथजात्रा काठमाडौं उपत्यकाको पुरानो र सबैभन्दा लामो जात्राका रूपमा चिनिन्छ । यो जात्रा वैशाख शुक्ल प्रतिपदादेखि सुरु भएको हो । रथयात्रा ललितपुरको गाःबहाल, सुन्धारा, लगनखेल, कुमारीपाटी हुँदै जावलाखेल चोक ललितमण्डपमा टुंग्याइन्छ । जावालाखेल पुऱ्याएको चार दिनपछि राष्ट्रप्रमुखलाई भोटो देखाएपछि यो वर्षको जात्रा समापन हुन्छ ।

यस वर्षको रथयात्राको क्रममा रथमा केही समस्या देखिएपछि मर्मत गरेर पुनः सञ्चालनमा ल्याएको रातो मच्छिन्द्रनाथ रथसँग सम्बन्धित नारायण व्यञ्जनकारले बताए । उनले भने, 'यो वर्ष रथमा केही समस्या देखिएकाले मर्मत गरिसकेका छौं । साउन १७ गतेसम्म ठटीटोलमा रथ रहन्छ र हाल भक्तजनले पूजाआजा गरिरहनुभएको छ ।'

यो वर्षको रथयात्रामा खलपानेजुको रूपमा निमराज शाक्य रहेका छन् भने जलपानेजुको रूपमा सम्पूर्ण शाक्य रहेका छन् । शुभशाइत पर्खाइमा थतीटोलमा रोकिएको रातो मच्छिन्द्रनाथ देवताको रथमा पूजाआजाका लागि पुजारीहरू छन् । रथको सुरक्षाका लागि नेपाल प्रहरी खटिएको छ । *रासस*


**सुन्दरहरैंचा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विराटचौक, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**सुन्दरहरैंचा नगरपालिकाको आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत बहाल बिटौरी/हाट बजार शुल्क बन्दोबस्तीका लागि शिलवन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना**

**( प्रथम पटक प्रकाशित मिति २०८१/०३/०१ गते)**

यस नगरपालिकाले आ. व. २०८१/०८२ का लागि आन्तरिक आय ठेक्का मार्फत बन्दोबस्त गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा २ (घ) बमोजिम यस कार्यालयको मिति २०८१/०२/३१ गतेको निर्णयानुसार बहाल बिटौरी/हाटबजार शुल्क असुली गर्ने कार्यका ठेक्का बन्दोबस्ती लागि यो सूचना प्रकाशन गरिएको छ । ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र तल उल्लेखित शर्त तथा न्यूनतम ठेक्का रकममा नघट्ने गरी शिलबन्दी दरभाउपत्र पेश गर्न अनुरोध छ ।

| क्र.स. | ठेक्का नम्बर | हाट बजारको नाम | वडा नं. | न्युनतम ठेक्का रकम (मु.अ.क समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | राजश्व ०३/०८१/८२ | मृगौलिया,हिमाल चोक साप्ताहिक बजार | २ | रु. ७५,०००।०० | |
| २ | राजश्व ०४/०८१/८२ | आईतवारे पशुहाट | ३ | रु. ३,७५,०००।०० | |
| ३ | राजश्व ०५/०८१/८२ | बुधवारे साप्ताहिक बजार | ९ | रु. १,८०,०००।०० | |
| ४ | राजश्व ०६/०८१/८२ | खोर्सानै साप्ताहिक बजार | १२ | रु. ८५,०००।०० | |
| ५ | राजश्व ०७/०८१/८२ | गछिया साप्ताहिक बजार | ७ | रु. ५,५५,००० ।०० | |
| ६ | राजश्व ०८/०८१/८२ | गोठगाउँ साप्ताहिक वजार | ७ | रु. २,१०,०००।०० | |
| ७ | राजश्व ०९/०८१/८२ | सलकपुर साप्ताहिक बजार | ८ | रु. २,७०,०००।०० | |
| ८ | राजश्व १०/०८१/८२ | बेलेपुर साप्ताहिक बजार | ११ | रु. ३२,०००।०० | |
| ९ | राजश्व ११/०८१/८२ | हरैंचा साप्ताहिक बजार | १ | रु. २,६०,०००।०० | |

**शर्तहरुः-**

१. शिलवन्दी दरभाउपत्र फारम दस्तुर रकम रु. १०००/- अक्षेरुपी एक हजार मात्र (पछि फिर्ता नहुने गरी) यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको आन्तरिक राजश्व खाता नम्बर ०६०१५०११४७६३०१४६ (SUNDARHARAICHA NAGARPALIKA, Ga3.1 Local Level Depo) मा जम्मा गरी सोको सक्कलै भौचर वा नगरपालिकाको कार्यालयमा रहेको राजश्च शाखामा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।
२. माथि उल्लेखित ठेक्कामा अशुल गर्ने शुल्कको दर सुन्दरहरैंचा नगरपालिकाले तोके अनुसार हुनेछ ।
३. ठेक्काको अवधि आ.व.०८१/८२ मा सम्झौता भएको मिति देखि २०८२ आषाढ मसान्त सम्म मात्र हुनेछ ।
४. ठेक्का अवधिभर सम्वन्धित हटियाको सरसफाई गर्ने ब्यवस्था स्वयमः ठेक्केदारले मिलाउनु पर्नेछ ।
५. दरभाउपत्रदाताले खामको बहिर पट्टी ठेक्काको नम्बर, ठेक्काको नाम र ठेकदारको नाम, मोबाईल नम्बर समेत लेखि शिलबन्दी गरी नगर कर्यापालिकाको कार्यालायमा तोकिएको समय भित्र बुझाउनु पर्नेछ ।
६. शिलबन्दी दरभाउपत्र फारम पेश गर्दा व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी सहित शिलबन्दी फारम र फर्म वा कम्पनी भए आन्तरिक राजश्व कार्यालयबाट प्राप्त भ्याट/पान नम्बरको प्रतिलिपी, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाण पत्रको फोटोकपीका साथ कबोल अंकको ५ प्रतिशत नघट्ने गरी धरौटी रकम यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३०(SUNDARHARAICHA NAGARPALIKA, Ga3.1 Local Level Depo) मा जम्मा गरी सोको सक्कलै भौचर शिलबन्दी दरभाउपत्रमा सम्लग्न गर्नु पर्नेछ ।
७. शिलवन्दी दरभाउपत्र खरिद गर्ने, पेश गर्ने र खोलिने मिति, समय र स्थानः
   क) शिलवन्दी दरभाउपत्र खरिदगर्नेः मिति २०८१/०३/१६ गते आईतवार कार्यालय समय भित्र ।
   ख) शिलवन्दी दरभाउ पत्र पेश गर्ने मितिः २०८१/०३/१७ गते दिनको १२.०० बजे सम्म ।
   ग) शिलवन्दी दरभाउपत्र खोलिने मितिः २०८१/०३/१७ गते दिनको १.०० बजे ।
   घ) स्थानः सुन्दरहरैंचा नगरपालिकाको कार्यालय विराटचोक, मोरङ ।
   ङ) शिलवन्दी दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन तोकिए बमोजिमको प्रक्रिया अगाडि बढाइनेछ ।
८. कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ । शिलवन्दी दरभाउपत्र फारममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
९. एकमुष्ट ठेक्का रकम सम्झौता अगावै नबुझाई सम्झौता गर्ने भएमा कुल कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम सम्झौता अगावै यस कार्यालयमा बुझाएको हुनुपर्ने र बाँकी ६० प्रतिशतको हकमा मिति २०८१ फाल्गुन ससान्त सम्म समयावधी भएको मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत पेश गर्नु पर्नेछ र सो ६० प्रतिशत बराबरको रकम २०८१ माघ मसान्त भित्र बुझाई सक्नु पर्नेछ ।
१०. ठेक्का सम्झौताकर्ताले पेश गरेको बैंक जमानत बमोजिमको ६०% रकम २०८१ माघ मसान्त सम्ममा यस कार्यालयमा नबुझाएमा निज ठेकदार संग ठेक्का तोडि विना सूचना बैक जमानत जफत समेत गरी असुल उपर गरिनेछ ।
११. ठेक्का सम्झौता गर्ने व्यक्ति, फर्म वा कम्पनीको धरौटी रकम ठेक्का रकममा मिलान गरिने छैन त्यस्तै ठेक्का अवधि समाप्त भए पछि धरौटी रकम फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयमा कर तिरेको रसिदको प्रतिलिपी सम्लग्न राखि निवेदन पेश गर्नु पर्नेछ । साथै कार्यालायले उपलब्ध गराएको दररेट भन्दा बढि हाटबजार शुल्क असुल गरेको प्रमाणित भएमा धरौटीबाट कट्टा गरिनेछ भने पटक पटक सोही कार्य दोहोरयाएमा कानुन बमोजिम कारबाही गरी निज व्यक्ति, फर्म वा कम्पनीलाई कालोसूचिमा राख्न प्रचलित कानुन बमोजिम आवश्यक कारवाहिकको लागि सिफारिस गरिनेछ ।
१२. ठेक्का संग सम्बन्धित रसिद ठेकेदार स्वयले छपाई गरी यस कार्यालयबाट प्रमाणित गरेर बहाल बिटौरी कर संकलन गर्नु पर्नेछ ।
१३. बन्द हड्ताल, भुकम्प, बाढी पहिरो जस्ता प्राकृतिक र मानविय विपद्का कारण सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, फर्म र कम्पनीले छुट माग गरेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईनेछैन ।
१४. एउटा व्यक्ति वा फर्म वा कम्पनीले खरिद गरेको शिलवन्दी दरभाउपत्र अर्को व्यक्ति वा फर्म वा कम्पनीले प्रयोग गर्न पाउने छैन ।
१५. कर असुलिको दररेट सरोकारवाला सबैले देख्ने गरी राख्नु पर्ने दायित्व ठेकेदार स्वयमः को हुनेछ ।
१६. यो सूचनाको उल्लेख भएका बिषयहरु यसै सूचना बमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन, कानुन तथा सुन्दरहरैंचा नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रतिनिधिसभाको शून्य समय

# विपद्को पूर्वतयारीदेखि टिकटक प्रतिबन्ध हटाउनेसम्म सरकारको ध्यानाकर्षण



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभा बैठकको शून्य समयमा सांसदहरूले समसामयिक विषयहरू उठाउने गर्दछन् । विशेषगरी सरकारलाई विभिन्न विषयमा ध्यानाकर्षण गराउन सांसदहरूले उक्त समय प्रयोग गर्दै आएका छन् ।

शुक्रबारको प्रतिनिधिसभा बैठकको शून्य समयमा पनि सांसदहरूले सरकारलाई विभिन्न विषयमा ध्यानाकर्षण गराए । सांसदहरूले विपद्को पूर्वतयारी, सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको विषयदेखि सामाजिक सञ्जाल टिकटकमाथिको प्रतिबन्ध खोल्नुपर्नेसम्मका विषयमा सरकारको ध्यानाकर्षण गराएका हुन् । उनीहरूले शून्य समयमा उठाइएका विषयमा ध्यान नदिएको भन्दै सरकारको आलोचनासमेत गरे ।

सांसद अर्जुननरसिंह केसीले विपद् जोखिम न्यूनीकरण प्राधिकरणले यस वर्षको मनसुनजन्य प्राकृतिक विपद्बाट करिब १८ लाख नागरिक प्रभावित हुने र चार लाख परिवार जोखिममा रहेको आकलनका सम्बन्धमा पूर्वतयारीका लागि सरकारको ध्यानाकर्षण गराए । सांसद अम्बरबहादुर रायमाझीले सामाजिक सुरक्षाभत्ता लिन तथा नवीकरण गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको अवस्था भएकाले स्थानीय तहबाटै वितरण गर्न सरकारसँग माग गरे ।

सांसद अच्युतप्रसाद मैनालीले बजेटले जनताले खुसीयाली मनाउने दिन नआएको जिकिर गर्दै सरकारले चामल, गहुँ, दाल, गेडागुडीलगायतमा लगाएको अग्रिम करका कारण बजारमा महँगी र कालाबजारी मौलाएकोप्रति सरकारको ध्यानाकर्षण गराए ।

सांसद अञ्जनी श्रेष्ठले महँगी र असुरक्षाले समाजलाई आक्रान्त बनाएको तथा सरकारी अस्पतालमा उपचार गर्न लामो समय पालो कुर्नुपर्ने अवस्थाको अन्त्य गर्न सरकारसँग माग गरिन् । अर्की सांसद अनिता देवीले सरकारले मधेस प्रदेशका आगलागीपीडित परिवारका लागि आवश्यक रकम विनियोजन गर्न माग गरिन् । सांसद डा. अमरेशकुमार सिंहले पनि तराईमा आगलागीपीडितको सम्पूर्ण आवास र अन्न जलेर नष्ट भएकाले तत्काल राहत उपलब्ध गराउन माग गरे ।

सांसद अम्बरबहादुर थापाले दैलेखको कर्णाली नदीमा रहेको झोलुंगे पुल मर्मतसम्भार नहुँदा करिब २०० विद्यार्थीलाई पठनपाठनमा समस्या भएकोप्रति सरकारको ध्यानाकर्षण गराए । सांसद अमृतलाल राजवंशीले झापामा हात्तीको उपद्रोका कारण मकैबाली तहसनहस भएकाले त्यसको दीर्घकालीन समाधान खोज्न सरकारको ध्यानाकर्षण गराए ।

सांसद अरुणकुमार चौधरीले शून्य समयमा उठान गरिएका समस्या समाधान गर्न सरकारले चासो नदिएको गुनासो गरे । सांसद अशोककुमार चौधरीले विधि बनाउने थलोमा महत्त्वपूर्ण ओहोदामा बसेका व्यक्तिको अभिव्यक्तिप्रति सरकारको ध्यानाकर्षण गराए । सांसद आश्माकुमारी चौधरीले नेपाल कृषिप्रधान मुलुक भए पनि किसानले समयमा मल र बीउ नपाएको गुनासो गरिन् ।

सांसद असिम साहले सरकारले गत कात्तिक २७ गतेदेखि सामाजिक सञ्जाल 'टिकटक'मा प्रतिबन्ध लगाउने काम गरेपछि स-साना व्यवसाय र दूरसञ्चार प्राधिकरणलाई घाटा भएको उल्लेख गर्दै व्यवस्थितरूपमा 'टिकटक' चलाउन दिन सरकारसँग माग गरे । सांसद ईश्वरबहादुर रिजालले शून्य समयमा बोलेका विषयलाई सरकारले गम्भीरतापूर्वक लिनुपर्ने बताए ।

सांसद ईश्वरी घर्तीले यही जेठ ३० गतेको बैठकमा केही सांसदले महिलाबारे असोभनीय शब्द बोलेकाले संसद्मा क्षमा माग्नुपर्ने माग गरिन् । सांसद उर्मिला थेबेले ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-२ मा पहिरोमा पुरिएर एकै परिवारका चार जनाको मृत्यु हुँदा प्रभावकारी उद्धार, राहत र पुनःस्थापनाको काम सक्दो चाँडो गर्न सरकारको ध्यानाकर्षण गराइन् । सांसद उर्मिला माझीले व्यवस्था बदलिए पनि जनताको अवस्थामा परिवर्तन नआएको उल्लेख गर्दै आवश्यकताको आधारमा बजेट विनियोजन गर्न सरकारसँग माग गरिन् ।

सांसद ऋषिकेश पोखरेलले खेतीपातीको समय सुरूवात भएकाले किसानलाई आवश्यक मल र बीउ समयमै उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराए । सांसद एकनाथ ढकालले सरकारले विभिन्न ११ देशका राजदूतलाई फिर्ता बोलाएकाले योग्यता, क्षमता, दक्षता र अनुभवको आधारमा जतिसक्दो छिटो नियुक्ति गर्न माग गरे । सांसद किरणकुमार साहले नेपाल धार्मिक सहिष्णुता भएको देश भएकाले धार्मिक विषयलाई लिएर द्वन्द्व गर्नेलाई कानुनी कारबाही गर्न माग गरे ।

सांसद कृष्णगोपाल श्रेष्ठले राष्ट्रिय गौरवको योजना सुरुङमार्गका कारण दहचोकको पूर्वीद्वारमाथिको क्षेत्रमा रहेका घर चर्किन थालेकाले सुरिक्षत पुनःस्थापनाका लागि सरकारको ध्यानाकर्षण गराए । सांसद गणेश पराजुलीले प्राकृतिक स्रोतलाई सदुपयोग गर्नुको सट्टा बाहिरबाट ल्याउने र भएका स्रोतसाधन यतिकै खेर जाने परिपाटीको अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराए ।

सांसद चन्दा कार्की भण्डारीले विपद् व्यवस्थापनमा सरकारको नीति स्पष्ट नभएको र स्वास्थ्य क्षेत्रलाई १० प्रतिशत बजेट छुट्ट्याउन माग गरिन् । सांसद चित्रबहादुर केसीले रोल्पाको मिजिङकी शिक्षक विपना घर्तीको सरुवाका लागि उच्च अदालत तुलसीपुरले सरुवा गर्न दिएको आदेशको कार्यान्वयन गराउन सरकारको ध्यानार्षण गराए । *(राससको सहयोगमा)*

# बिदाका दिन सरकारी कार्यालय खुल्नेबारे सेवाग्राहीलाई पुगेन जानकारी

भक्तपुर- बिदाका दिन सरकारी कार्यालयमा सेवाग्राही नआउँदा अधिकांश कार्यालय सुनसान देखिएका छन् । गृह मन्त्रालयले २०७९ चैत २ देखि राजपत्रमा सूचना प्रकाशित गरी १८ प्रकारका सार्वजनिक बिदाका दिनमा पनि अत्यावश्यकीय सेवा प्रवाह गर्ने सरकारी कार्यालय खोल्ने निर्णय गरेको थियो । भक्तपुरकी प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले सार्वजनिक बिदाका दिनमा कार्यालय खुल्ने गरेको र कर्मचारी सेवा दिने गरेको बताइन् ।

शनिबारबाहेकका अन्य चाडबाड तथा पर्वलगायतका सार्वजनिक बिदाका दिन जिल्ला प्रशासन कार्यालयबाट नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्रसम्बन्धी सबै काम हुने उनले बताइन् । सेवा दिने कार्यालयमा कर्मचारी सेवाग्राहीको प्रतीक्षामा बसे पनि सेवाग्राहीको आगमन भने कमै हुने गरेको उनले बताइन् ।

सेवाग्राहीलाई सार्वजनिक बिदाका दिनमा कार्यालय खुल्छ र सेवा पाइन्छ भन्ने धेरैलाई थाहा नहुँदा सेवाग्राहीको आगमन कम हुँदा त्यस्ता दिनमा यस्ता कार्यालय सुनसान हुने गरेको उनले बताइन् । नापी र मालपोत कार्यालय सार्वजनिक बिदामा पनि खुला हुने गरेका छन् । सरकारले उभौली पर्व-चण्डीपूर्णिमा, बुद्धजयन्ती, गणतन्त्र दिवस, गाईजात्रा, रक्षाबन्धन, श्रीकृष्ण जन्माष्टमी, इन्द्रजात्रा, घटस्थापना, क्रिसमस डे, किरात समुदायको उधौली पर्व, योमरी पुन्ही-ज्यापू दिवस, ल्होछार, बुद्धजयन्ती, माघी पर्वमा अत्यावश्यकीय सरकारी कार्यालय खुला गर्ने निर्णय गरेसँगै यस्ता कार्यालयमा सार्वजनिक बिदामा पनि सेवा प्रवाह हुने गरेका छन् ।

त्यस्तै प्रजातन्त्र दिवस, महाशिवरात्रि, अन्तर्राष्ट्रिय महिला दिवस, घोडेजात्रा, इद उल फित्र, बकर इद र मच्छिन्द्रनाथको भोटो देखाउने जात्रालगायतका सार्वजनिक बिदामा पनि सरकारी कार्यालय खुला रहने गरेको छ ।

प्रमुख जिल्ला अधिकारी श्रेष्ठले भनिन्, 'बिदाको दिनमा हामीले कर्मचारीको एउटा युनिट राखेका हुन्छौं । सेवा दिइरहेका हुन्छौं । सार्वजनिक बिदामा दिनमा निकै कम काम हुन्छ ।' *रासस*


नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**वैदेशिक रोजगार विभागको सूचना**

नेपाल सरकाबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त **श्री Space HR Solution Pvt. Ltd. (इ.प.न. १५७१/०७९/८०)** तपसिल बमोजिमका संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू तपसलि बमोजिमका व्यक्तिको नाममा शेयर दा.खा नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिस गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित मितिले ३५ (पैंतीस) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविकको शेयरधनी नाम/शेयर संख्या | अव कायम हुने शेयरधनी नाम/शेयर संख्या |
|---|---|
| १. लक्ष्मी देवी खत्री (कि.नं. ०१ देखि २५,०००) | १. नगेन्द्र चन्द (कि.नं. ०१ देखि २५,०००) |
| २. प्रेम माया राना (कि.नं. २५००१ देखि १००,०००) | २. चित्र बहादुर रोका (कि.नं. २५,००१ देखि १००,०००) |



नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

राष्ट्रिय ट्रमा सेन्टर

महांकाल काठमाडौं

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति: २०८१/०३/०१)

यस अस्पतालबाट मिति २०८०/१२/१३ को प्रकाशित बोलपत्र आह्वानको सूचना (IFB No: NTrC/G/NCB/22-080/81) अनुसार ई-विडिङ्ग मार्फत दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव (Technical Bids) मिति २०८१/०१/१३ मा खोलि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज) उपनियम ४ बमोजिम मूल्यांकन हुँदा तपशिलको बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही देखिएको ले सोहि नियमको उपनियम (५) बमोजिम मिति २०८१/०३/०९ गते दिनको १२:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सफल बोलपत्रदाताहरुलाई आधिकारिक पत्र सहित उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

क.सं.१. **आर्थिक प्रश्ताव खोलिने बोलपत्रदाता** (IFB No: NTrC/G/NCB/22-080/81/The Procurement of Supply, Delivery and Installation of Spine Instrument Set)

१. Arina International Enterprises, Kathmandu

प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट



## युएईमा शुन्य लागतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HASHEM TILES & CERAMIC FIXING

पूर्व स्वीकृति मिति २०८१/०२/३२ LT. No. 306403 चलानी नं. ६०२२११६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 1200 | ४३,९१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 10 | 0 | 800 | २९,२७० | | | | | | | |
| 3 | Steel Fixture | 10 | 0 | 1000 | ३६,५९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ८ गते (22nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD

Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698

1610/079/80 Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SRK BUILDING CLEANING SERVICES.

पूर्व स्वीकृति मिति २०८०/१०/०८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३२ LT. No. 298554 चलानी नं. ६०२१३५२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 2 | 2200 | ७९,५०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 10 | 9 | 950 | ३४,३३० | | | | | | | |
| 3 | Cleaning Supervisor | 2 | 0 | 1500 | ५४,२०५ | | | | | | | |
| 4 | Follow Up Clerk | 2 | 0 | 1000 | ३६,१३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ८ गते (22nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SPACE HR SOLUTIONS PVT.LTD

श्रम ईजाजत नं. १५७१/०७९/०८०

Ranibari-26, Samakhusi Kathmandu; Tel: 01-4357449, Whatsapp No.: 8941607558

E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDAL HUMAN RESOURCE COMPANY, a closed joint stock company

पूर्व स्वीकृति मिति २०८०/१२/०८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३२ LT. No. 302108 चलानी नं. ६०२१६९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 9 | 0 | 1400 | ४९,२४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 25 | 0 | 1000 | ३५,२३५ | | | | | | | |
| 3 | Office Facility Cleaning Worker | 43 | 0 | 1000 | ३५,२३५ | | | | | | | |

कम्पनी : AL MAWARID RECRUITMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८०/११/२७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३२ LT. No.301280 चलानी नं. ६०२१६१९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 100 | 0 | 1000 | ३५,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ८ गते (22nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd

श्रम ईजाजत नं. ३८४/०५९/०६०

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal

Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np

Website www.pigeoninternational.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OLIVE BEAUTY SALON COMPANY

पुर्व स्वीकृति मिति २०८०/०७/०२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३२ LT No :294189 चलानी नं. ६०२०९२९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 4 | 140 | ६१,३७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manicure Pedicure/beautician | 0 | 5 | 140 | ६१,३७० | | | | | | | |
| 3 | Nail Technician | 0 | 4 | 140 | ६१,३७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ८ गते (22nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAPTI RESTAURANT

पुर्व स्वीकृति मिति २०८०/१२/०२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३२ LT. No. 301750 चलानी नं. ६०२१२६६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 2 | 1500 | ५४,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,५८५ | | | | | | | |
| 3 | General Clean Worker | 3 | 16 | 1000 | ३६,६३५ | | | | | | | |
| 4 | General Cook | 4 | 2 | 1500 | ५४,९५० | | | | | | | |
| 5 | Hotel Services | 2 | 0 | 1500 | ५४,९५० | | | | | | | |
| 6 | Juice Maker | 4 | 4 | 1500 | ५४,९५० | | | | | | | |
| 7 | Marketing Represent | 1 | 0 | 3000 | १०९,९०५ | | | | | | | |
| 8 | Receptionist | 0 | 1 | 1500 | ५४,९५० | | | | | | | |
| 9 | Supervisior | 4 | 1 | 2500 | ९१,५८५ | | | | | | | |
| 10 | Waiter | 13 | 5 | 1400 | ५१,२९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ८ गते (22nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD

श्रम ईजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257

E-mail: jalajalarecru2017@gmail.com

# 'आर्थिक तथा प्रशासनिक स्वायत्तता कटौतीलाई आयोगले सकारात्मकरूपमा लिएको छैन'




**माधवप्रसाद रेग्मी**
अध्यक्ष, लोकसेवा आयोग

मुलुकमा प्रजातन्त्रको स्थापनासँगै निजामती कर्मचारीको नियुक्ति छुट्टै र स्वतन्त्र निकायबाट गर्ने उद्देश्यले २००८ असार १ गते स्थापना भएको लोकसेवा आयोग ७४औं वर्ष प्रवेश गर्दै छ । योग्यता, स्वच्छता र निष्पक्षताको मूल मन्त्रलाई आत्मसात् गर्दै आइरहेको आयोगले निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र अन्य संघीय सरकारी सेवाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्दै आइरहेको छ ।

आयोगका अध्यक्ष माधवप्रसाद रेग्मी योग्यता, निष्पक्षता, स्वच्छता र पारदर्शीतालगायत आधारभूत मूल्यमान्यतालाई अक्षुणरूपले अघि बढाएकाले नै आयोग स्वच्छता र निष्पक्षताको प्रतीकका रूपमा रहिरहेको बताउँछन् । आयोगद्वारा सञ्चालित परीक्षा निष्पक्ष, स्वच्छ र पारदर्शी हुने भएकाले प्रतिस्पर्धामा भाग लिन, उत्तीर्ण हुन र राष्ट्रसेवाजस्तो गौरवपूर्ण काममा लाग्न सम्पूर्ण युवा/विद्यार्थीलाई उनले आह्वान गरेका छन् । उनले प्रतिस्पर्धी र उम्दा व्यक्तिले सरकारी सेवामा रही देशको सेवा गर्ने गौरव प्राप्त गर्ने भएकाले स्वच्छ, स्वतन्त्र, पारदर्शी र निष्पक्ष हुने परीक्षा उत्तीर्ण हुन ऐन कानुन र संविधानबाहेक केही आवश्यक नहुने स्पष्ट पारे । आयोगको ७४औं वार्षिकोत्सवको सन्दर्भ पारेर *राष्ट्रिय समाचार समिति (रासस)*का उपप्रमुख समाचारदाता **नारायण न्यौपाने** र समाचारदाता **अशोक घिमिरेले** अध्यक्ष रेग्मीसँग गरेको कुराकानीः

**आमनागरिकको भरोसा र विश्वासको प्रतीकका रूपमा रहेको लोकसेवा आयोगको विश्वास कायम राख्दै अघि बढ्ने कार्ययोजना के–कस्ता छन् ?**

लोकसेवा आयोग २००८ असार १ गते स्थापना भएको हो । आयोग स्थापना अघि र पछि जारी भएका सबै संविधानले आयोगको भूमिकालाई महत्त्वपूर्ण स्थानमा राखेका छन् । आयोग स्वच्छता, योग्यता र निष्पक्षताको मूल मन्त्रसहित अघि बढिरहेको छ । आयोगले निजामती सेवा, सरकारी सेवा, संगठित संस्था र सुरक्षा निकायका परीक्षासमेत सञ्चालन गर्दै आइरहेको छ । यसका साथै विश्वविद्यालय सेवा आयोगमासमेत लोकसेवाको एक जना सदस्य रहने भन्ने व्यवस्था भएअनुसार ती विश्वविद्यालय सेवाका काममा सहयोग गर्दै आइरहेको छ । नेपालको संविधान जारी हुनुअगावै भएको अधिकारका अलवा आयोगको विश्वसनीयतामा भएको वृद्धिका कारण संविधानसभाले आयोगलाई सुरक्षा निकाय र संगठित संस्थाको पदपूर्तिको थप अधिकार दिएको छ । योग्यता, निष्पक्षता, स्वच्छता र पारदर्शीतालगायत आधारभूत मूल्यमान्यतालाई अक्षुणरूपले अघि बढाएकाले नै आयोग स्वच्छता र निष्पक्षताको प्रतीकका रूपमा रहेको छ ।

**आयोगको आगामी मूलभूत कार्ययोजना के छन् ?**

नेपालको संविधान, लोकसेवा आयोग कार्यविधि ऐन, २०७९, कार्यविधि तथा नियमावली आयोगको काम गर्ने आधार हुन् । यसका साथै निजामती सेवा ऐन र नियमावली तथा अन्य सेवासँग सम्बन्धित ऐन तथा नियमावली कार्यसञ्चालनका आधार हुन् । संविधानबमोजिम प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड) सम्बन्धी ऐन तथा २०७५ सालमा जारी संगठित संस्थाका निकायमा पदपूर्ति गर्ने कार्यविधिअनुसार आयोगले कामकारबाही गरिरहेको छ । आयोगका कामलाई अझ बढी सान्दर्भिक बनाउन दोस्रो रणनीतिक योजना (२०७९/८०-२०८४/८४) जारी गरिएको छ । 'एसिसमेन्ट सेन्टर मेथेडोलोजी'मार्फत आयोगका कामकारबाहीलाई अझ व्यवस्थित गरिएको छ । कर्मचारीलाई नियुक्तिका बेलामा मात्र होइन कार्यक्षेत्रमा कस्तो काम गर्नसक्छ भन्ने विषयको पूर्वमूल्यांकन गर्नका लागि उक्त विधि झण्डै १० वर्षदेखि चलिरहेको छ । त्यसलाई परिमार्जन गर्ने, नयाँ दक्ष विज्ञलाई तालिम दिने तथा पुरानो दक्ष विज्ञलाई पुनरावलोकन गर्ने र त्यसअनुसार अन्य तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । सहसचिव तहमा मामिला प्रस्तुतीकरण, उपसचिव तहमा 'इन्बास्केट एक्सरसाइज' र शाखा अधिकृत तहमा समूहगत छलफल तथा तल्ला तहमा विभिन्न प्रयोगात्मक परीक्षा सञ्चालन गरेर आयोगका कार्यक्रमलाई सान्दर्भिक बनाएका छौं ।

**मुलुक संघीय संरचनामा गइसकेपछि संविधानले प्रदेश लोकसेवा आयोगको पनि व्यवस्था गरेको छ । प्रदेश लोकसेवा आयोगका कामकारबाहीबारे कहिलेकाहीँ टिप्पणी हुने गरेको छ, यसलाई कसरी लिनुभएको छ ?**

नेपालको संविधानमा प्रदेश लोकसेवा आयोग गठनसम्बन्धी व्यवस्था छ । संविधानमा 'प्रदेश लोकसेवा आयोगको आधार र मापदण्ड संघीय संसद्ले जारी गरेको ऐनबमोजिम हुने छ' भन्ने व्यवस्था भएअनुसार २०७५ सालमा संघीय संसद्ले प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड)सम्बन्धी ऐन जारी गरेको छ । उक्त ऐनअनुसार प्रदेशसभाले प्रदेश लोकसेवा आयोगसम्बन्धी ऐन निर्माण गरेर प्रदेश लोकसेवा आयोगहरू गठन भएका छन् । प्रदेश लोकसेवा आयोगले केन्द्रले अपनाएको मूल्यमान्यता र व्यवस्थाअनुसार पदपूर्ति गर्नुपर्ने छ । सोअनुसार हुन नसकेमा त्यस्ता पदपूर्ति स्वतः बदर हुने संविधानमा व्यवस्था छ ।

यही लोकसेवा आयोगले अपनाएको आधार र मापदण्ड तथा कार्यप्रणाली प्रदेश लोकसेवा आयोगले लागू गर्नुपर्ने हुन्छ । तीन सदस्यीय प्रदेश लोकसेवा आयोगको गठन भएका छन् । त्यसले भर्खरभर्खर काम सुरु गरेको हुनाले कामकारबाहीमा थप परिमार्जन ल्याउनुपर्ने अवस्था छ । सम्बन्धित प्रदेश रहेको राजधानीमा अहिले दक्ष विज्ञ पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको अवस्था छ । कर्मचारी पनि पर्याप्त मात्रामा छैनन् । यसकारण प्रदेश लोकसेवा आयोगको कामकारबाहीको केही असर परिरहेको छ ।

प्रदेश लोकसेवा आयोगको काम कारबाहीबाट केही तलमाथि पर्‍यो भने अहिलेसम्म लोकसेवा आयोगले आर्जन गरेको विश्वासमाथि नै प्रश्न उठ्ने र सर्वसाधारण नागरिकमा नराम्रो प्रभाव उत्पन्न हुनसक्ने भएकाले लोकसेवा आयोगले प्रदेश लोकसेवा आयोगलाई पनि आफू सँगसँगै हिँडाउन थालिएको छ । लोकसेवा आयोग र सातै प्रदेश लोकसेवा आयोग सम्मिलित 'लोकसेवा आयोगहरूको राष्ट्रिय सम्मेलन' गर्ने निर्णयअनुसार पहिलो सम्मेलन २०७७ फागुन २३ र २४ गते बागमती प्रदेशको धुलिखेलमा सम्मेलन भएको छ । उक्त सम्मेलनको सिफारिसअनुसार हरेक वर्ष भिन्नभिन्न प्रदेशमा फागुन २३ र २४ मा हुने गरेको छ ।

आठवटै लोकसेवा आयोगले गरेका कामकारबाहीमा एकरूपता कायम गर्न, एकअर्काका कामकारबाहीमा परेका कठिनाइमा छलफल गर्न र लोकसेवा आयोगले अपनाएका असल अभ्यासलाई प्रदेशमा हस्तान्तरण गर्न तथा त्यहाँ परिआएका समस्या समाधानका लागि प्रयास गरिरहेका छौं । यसबाट प्रदेश लोकसेवा आयोगहरूले आफूले बलियो भएको महसुस गरेका छन् भने दक्ष विज्ञको रोस्टरलगायत अन्य सहयोग पनि उपलब्ध गराउनुका साथै लोकसेवा आयोगको अनामनगरस्थित कार्यालयमा प्रदेश लोकसेवा आयोगहरूको सम्पर्कस्थलको व्यवस्था गरेर उहाँहरूलाई सहजीकरण गरिरहेका छौं ।

**नेपालको निजामती सेवामा जनशक्ति परिपूर्तिका लागि लोकसेवा आयोगको ढाँचालाई थप वैज्ञानिक बनाउन के–कस्ता कार्यप्रणाली अपनाइएको छ ?**

संविधान, लोकसेवा आयोग ऐन, नियम र निजामती सेवा ऐन नियमबामोजिम आयोगले काम गरिरहेको छ । अहिलेको विश्व परिवेश तथा बदलिँदो प्रविधिअनुसार परीक्षा सञ्चालन गर्नका लागि आयोगका कामकारबाहीलाई परिमार्जन गर्ने भनेर परीक्षण प्रविधि तथा पाठ्यक्रम महाशाखा गठन गरिएको छ । त्यसबाट हामीले निरन्तर अध्ययन अनुसन्धान गरिरहेका छौं । आयोगका कामकारबाहीलाई कसरी प्रभावकारी बनाउने र विकसित तथा यस्तै प्रकृतिका अन्य मुलुकका असल अभ्यासलाई आत्मसात् गरेर अघि बढ्ने भन्ने विषयमा वैदेशिक भ्रमणलगायत विदेशी मुलुकसँग सम्पर्क गरिरहेका छौं । त्यहाँको प्रविधि पनि ल्याउने प्रयास गरिरहेका छौं । सुधारका क्रम जारी रहेको छ । आगामी दिनमा यसलाई अझ अगाडि बढाउने छौं । यसपालिको लोकसेवा आयोगहरूको सम्मेलनले पाठ्यक्रमलाई परिमार्जन गर्दै लैजाने 'एजेण्डा' पारित गरेको छ । लोकसेवा आयोग र प्रदेश लोकसेवा आयोगहरूले पनि पाठ्यक्रमलाई समयानुकूल बनाउने विषयलाई महत्त्व र प्राथमिकता दिएका छौं । विभिन्न सेवा समूह सञ्चालन गर्ने मन्त्रालयहरूको आवश्यकताअनुसार पाठ्यक्रमलाई परिमार्जन गरेर दक्ष विज्ञको सहयोगमा लोकसेवा आयोगले समन्वयकारी भूमिका निर्वाह गरिरहेको छ ।

**निजामती सेवाका अतिरिक्त संघसंस्थामा पनि पदपूर्तिको जिम्मेवारी लोकसेवा आयोगमा आउनु गौरवको विषय छ । निष्पक्षताका दृष्टिकोणबाट सर्वसाधारणलाई अवसर पनि हो तर, कार्यबोझप्रति उठेका प्रश्नलाई कसरी सम्बोधन गर्नुहुन्छ ?**

आयोगमा ३०० कर्मचारीको दरबन्दी रहेको छ । यो संविधान जारी हुनुअगावैको हो । यसपछि थप भएको छैन । तर संविधान जारी भएपछि हामीले सुरक्षा निकाय तथा संगठित महाशाखा गठन गरेर निजामतीबाहेकका पदमा पनि पदपूर्ति गर्दै आइरहेका छौं । प्रदेश लोकसेवा आयोगको क्षेत्राधिकार कारण लोकसेवा आयोगको कार्यबोझ केही कम भएको छ । त्यसकारण आयोगले सुरक्षा निकाय र संगठित संस्था तथा विश्वविद्यालयका काम गर्न सकेका छौं । संगठित संस्थाको पनि निजामती सेवाको जस्तो 'क्लस्टरिङ' गरेर परीक्षा सञ्चालन गर्नेतर्फ पनि आयोगले अध्ययन गरेको छ ।

**समग्रमा आयोगको चुनौती र भावी कार्ययोजना के छन् ?**

आयोगको दरबन्दी पुनरावलोकन हुनुपर्छ । विगतका ऐनले आर्थिक र प्रशासनिक स्वायत्तता दिएका थिए । तर पछि जारी भएको लोकसेवा आयोग ऐनमा अन्य संवैधानिक निकायसरह भनेर आर्थिक तथा प्रशासनिक स्वायत्ततामा केही कटौती भएको छ । यसलाई आयोगले सकारात्मकरूपले लिएको छैन । हामीले निरन्तर आवाज उठाइरहेका छौं । आयोगको चासो सम्बोधन हुन सकेन भने संवैधानिक निकायका रूपमा रहेको आयोगलाई आफ्नो कामकारबाही स्वच्छ, निष्पक्ष, पारदर्शी र जवाफदेहीपूर्ण ढंगले सञ्चालन गर्न कठिनाइ उत्पन्न हुन्छ । प्राविधिक पक्षमा पनि आयोगले सुधार गर्नुपर्ने अवस्था छ । कर्मचारीलाई समयानुकूल तालिम दिनुपर्ने, विश्वव्यापीरूपमा अपनाइएको परीक्षण पद्धति, पाठ्यक्रम र परीक्षा प्रणालीमा भएका सुधारलाई आत्मसात् गरेर अहिलेको समयको मागअनुसार युवा विद्यार्थी तथा परीक्षार्थीलाई आकर्षण गरी नेपालको निजामती, सरकारी, सुरक्षा निकाय तथा संगठित संस्थाका पदमा पदपूर्ति गर्नु आयोगको चुनौती हो ।

**कर्मचारीको नयाँ भर्ना र छनोटपछि राष्ट्र सेवाप्रति जुन समर्पण भाव र झुकाव हुनुपर्ने हो, त्यो देखिन्न भन्ने सुनिन्छ, यसमा तपाईंको भनाइ के छ ?**

त्यस्ता कुरा हामीले पनि सुन्छौं, बुझेका छौं, थाहा पाएका छौं, बडो दुःख लाग्छ । छनोट प्रक्रिया र उनीहरूले गरेका काम कारबाहीमा संगति त्यति मिलिराखेको देखिँदैन । यद्यपि, हामीले संसारकै प्रचलित परीक्षण विधिलाई प्रयोग गरेका छौं । तथापि, अहिले अझ 'रिजर्स' परीक्षण गर्नु पर्ने छ । त्यसका लागि प्रविधि र ठूलो खर्च हुने स्थिति पनि छ । हामीले बजारमा उपलब्ध भएका उम्दा कर्मचारी छनोट गरेका छौं । पाठ्यक्रम हामीले बनाएका होइनौं, पाठ्यक्रम सम्बन्धित मन्त्रालयले नै प्रस्ताव गरी पठाएर विश्वविद्यालयलगायत दक्ष विज्ञ जनशक्ति लगाएर पाठ्यक्रमलाई 'मोडरेड' गरी परीक्षा सञ्चालन गर्ने र उत्तरपुस्तिका परीक्षणलाई पनि दुई सिद्धान्त अपनाइएको छ । कुनै कर्मचारी नातागोता रहेमा ऊ संलग्न नहुनेलगायतका सिद्धान्त अपनाई प्रशिक्षार्थी छनोट त गरिएको छ तर कार्यक्षेत्रमा पुग्ने सन्दर्भमा सरकारबाट प्रभावकारी तालिम/प्रशिक्षण र सुविधा उपलब्ध गराउनुपर्नेमा केही कमीकमजोरी भई त्यसो भएको हुन सक्ला ! दोस्रो कुरा नेपालमा कर्मचारीमात्रै इमान्दार हुनेभन्दा पनि समग्र राजनीतिक, आर्थिक, सामाजिक, भौगोलिक परिस्थिति र परिवेशको पनि मोटामोटी प्रभाव यसमा नपर्ला भन्न सकिन्न । कार्यक्षेत्रमा गएर पनि जनताको सेवालाई सेवा प्रवाह राम्रो गर्नसक्ने कर्मचारी छनोट गर्नुपर्ने कुरामा आयोग प्रतिबद्ध छ । तथापि कार्यक्षेत्रमा काम गर्दा त्यस्ता कर्मचारीलाई बाटो बिराउन नदिने वातावरण बनाउन नेपाल सरकार, राजनीतिक दल, नागरिक समाज, आमनागरिकको पनि उत्तिकै भूमिका रहन्छ भन्ने लाग्छ ।

**सन्दर्भ : लोकसेवा आयोगको ७४औं वार्षिकोत्सव**

**समावेशी प्रतिनिधित्वलाई व्यावहारिक बनाउन प्रत्येक १० वर्षमा यससम्बन्धी प्रावधान पुनरावलोकन गर्ने भन्ने विषय थियो, अब त्यो गर्ने बेला भएन ?**

यो विशुद्ध नेपाल सरकारको कार्यक्षेत्रमा पर्ने विषय हो । वि.सं. २०६४ मा आएको समावेशी सिद्धान्तसम्बन्धी व्यवस्था १०-१० वर्षमा पुनरावलोकन गर्ने भनिएको छ । तर अहिले १६/१७ वर्ष भइसकेको छ । तर पनि पुनरावलोकन हुन सकेको छैन । समावेशिता जे उद्देश्यले आएको छ, कतिपय उद्देश्य पूरा भए पनि कतिपय बाँकी नै हुन सक्छ । यो अध्ययन र अनुसन्धानबाट देखिने विषय हो । अहिलेसम्म समावेशी पदपूर्तिबाट निजामती सेवामा २४/२५ हजार कर्मचारी नियुक्ति भएका छन् । निजामती र सुरक्षा सेवामा महिला र जाति, जनजातिको ठूलो संख्या प्रवेश भएको छ । दलित, पिछडिएको क्षेत्र र मधेसी समूहका केही 'क्लस्टर'मा पूर्णरूपमा पदपूर्ति भइसकेको छैन । तथापि, ती पद आगामी परीक्षामा त्यहीबाटै पूर्ति गर्ने व्यवस्था मिलाइएको छ । तेस्रो वर्षमा मात्रै खुलातर्फ जाने व्यवस्था छ ।

गत वर्ष सर्वोच्च अदालतबाट समावेशी र आरक्षणका सन्दर्भमा भएको फैसलाबाट केही सिद्धान्त प्रतिपादन भएका छन् । एउटै व्यक्तिले एकभन्दा बढी पटक समावेशी उम्मेदवारका रूपमा भाग लियो, समावेशितामा जात हेरियो, आर्थिक अवस्था र वर्ग हेरिएन । समावेशिताका सन्दर्भमा सुविधा पाएकै छ, यसमाथि पनि बढुवामासमेत एक वर्ष सुविधा दिने कारणले प्रतिस्पर्धीभन्दा केही कमजोर व्यक्ति निजामती वा सरकारी सेवामा प्रवेश भइरहेको यथार्थता हुँदाहुँदै त्यही कमजोर प्रवृत्तिको व्यक्तिलाई नै एक वर्ष अघि बढुवाको अवसर दिनाले कालान्तरमा निजामती सेवा अन्तर्राष्ट्रिय जगत्सँग प्रतिस्पर्धामा जानपर्नेमा कमजोर भई गुणस्तरमा ह्रास आउने हो कि भन्ने चिन्ता सर्वत्र छ । यी सबै विषय अध्ययन भएर नयाँ ऐन निर्माणपछि आयोगले त्यसको अवश्य नै कार्यान्वयन गर्ने छ ।

**कर्मचारीको मूल्यांकन पद्धति व्यावहारिक भएन भन्ने सुनिन्छ, त्यसलाई कसरी व्यावहारिक बनाउन सकिएला ?**

कार्यसम्पादनका आधार वस्तुनिष्ठ र वस्तुगत हुनुपर्नेमा त्यसो छैन । त्यो नभएपछि के आधारले मूल्यांकन गर्ने ? भन्ने प्रश्न उब्जन्छ । कर्मचारीले लिएको जिम्मेवारी पूरा गर्न सम्पूर्ण परिस्थिति उसको हातमा पनि छैन । विभिन्न वातावरणीय प्रभावले प्रतिकूल असर पारिरहेको छ । राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत्, बजेट निकासा, मुआब्जा निर्धारण, निगरानी गतिविधि, निर्माण सामग्री उपलब्धतासँग एउटा कर्मचारीको मूल्यांकनका आधार जोडिएका हुन्छन् । त्यसले असर र प्रभाव पारेको हुन्छ । मूल्यांकनकर्ताले पनि आफूले गर्नसक्ने मूल्यांकन निष्पक्ष, स्वच्छरूपमा गर्नसक्ने परिस्थिति पनि निर्माण नभएको महसुस गरिएकाले यथार्थमा मूल्यांकन हुन सकेको छैन । सबै कर्मचारीलाई पूरा पूर्णांक दिने काम भइरहेको छ । उता आयोजनाका कामकारबाहीको प्रगति ५० प्रतिशतमा सीमित हुने, बेरुजु बढिरहेको देखिने, विकास खर्च भइरहेको नदेखिने तर यता कार्यसम्पादन मूल्यांकन सतप्रतिशत अर्थात् पूर्ण पूर्णांक नम्बर प्राप्त गर्ने विडम्बनापूर्ण स्थिति देखापरेको छ । यसले समग्र देश निर्माणमा प्रतिकूल प्रभाव पारेको छ ।

**प्राविधिक पदमा प्रारम्भमै दरखास्त कम पर्ने, परीक्षामा सहभागी कम हुने, अनि उत्तीर्ण भए पनि काममा नआउने प्रवृत्ति छ भन्ने गुनासोलाई आयोगले कसरी हेरेको छ ?**

बाहिर हल्ला आएजस्तो त्यति समस्या प्राविधिक पदमा छैन । मेडिकल क्षेत्रको केही पदमा दरखास्त नआउने, आए पनि कम संख्यामा आउने विषय कहिलेकाहीँ देखिएका छन् । अरू कतिपय स्थानमा रोजाइको अधिकार कर्मचारीलाई भएको हुनाले आफूलाई परीक्षण गर्न पनि परीक्षा दिने त्यसपछि आफ्नो मूल्यांकन गरी अर्को राम्रो संस्थामा जान्छु भनी छाडेर जाने प्रवृत्ति पनि छ । अहिलेको समसामयिक नेपालमा जति युवा नेपालमा वातावरण छैन कि भनी विदेश नै गइरहेको अवस्था छ । त्यसले पनि यो विषयलाई प्रभाव पारेको छ । विदेश गएकाले ठीक गरेका छन् कि ती नेपालमा बस्दा सन्तुष्टि हुन्छ कि भन्ने अध्ययनको विषय होला ? यहाँ कति अवसर छ, कति छैन, यो मैले भन्नसक्ने विषय भएन । प्राविधिक अध्ययनमै पनि अरू साधारणभन्दा अलि कठिनाइ नै हुन्छ । पढाइ पूरा भएपछि अरू संस्था होस् वा विदेशमा, अरू स्वरोजगारका क्षेत्रमा खपत हुने स्थिति छ भने सरकारी हुन् वा संगठित संस्थामा आकर्षण नहुन सक्ने अवस्था पनि हुन सक्छ ।

**आयोगको ७४ वार्षिकोत्सवको अवसरमा यहाँको सन्देश के छ ?**

लोकसेवा आयोगले निष्पक्ष, स्वच्छ र पारदर्शी ढंगले कामकारबाही गर्दै आइएको छ । एउटा आस्था र विश्वास आर्जन गरेको संस्था हुनाले हाम्रा कामकारबाहीमा यहाँहरू सबैले सूक्ष्मरूपमा निगरानी गरिदिनुस् । केही समस्या र सुधार गर्नुपर्ने अवस्था देख्नुभएमा रायसुझाव दिनुस् । आयोग निष्पक्ष, स्वच्छ, प्रतिस्पर्धी र पारदर्शी भएकाले परीक्षामा उत्तीर्ण र छनोट हुनका लागि ऐन कानुन र संविधानमा भएका विषयबाहेक केही आवश्यक छैन । प्रतिस्पर्धामा भाग लिन, उत्तीर्ण हुन र राष्ट्रसेवामा लाग्न आमप्रतिस्पर्धी युवा/विद्यार्थीलाई आह्वान गर्छु । प्रतिस्पर्धी र उम्दा व्यक्तिले मात्र देश सेवा गर्ने हो, अरू सबै निजामती वा सरकारी सेवामा आउन पनि सक्दैनन् । जो कोहीले सेवा गर्ने स्थिति र अवस्था पनि होइन । देशमा भएका योग्य, उम्दा र प्रतिस्पर्धीले नै मुलुकको सेवा गर्न पाउने भएकाले यो गौरव प्राप्त गर्न तपाईंहरू अघि बढनुस् । आयोग एउटा संवैधानिक अंग भएको हुनाले यसको स्वच्छता र स्वायत्ततालाई संरक्षण गर्न नेपाल सरकार, संसद्, न्यायलय, सञ्चार जगत् तथा सर्वसाधारण नागरिकमा आग्रह गर्न चाहन्छु ।



**नामको अक्षरअनुसार डिजाइन** | सुर्खेतको सिम्ता गाउँपालिका-६ लिसेडाँडामा रहेको सिम्ता गाउँपालिकाको नामको अक्षरअनुसार डिजाइन गरिएको प्रशासकीय भवन ।
तस्बिरः सुरेश आचार्य/रासस

पृथ्वीराजमार्गमा सवारी दुर्घटना

# चालकको मृत्यु, १३ जना घाइते

**मुग्लिन (चितवन)**– पृथ्वी राजमार्गअन्तर्गत चितवनको इच्छाकामना-३ फिस्लिङ बजार नजिकै शुक्रबार बिहान भएको सवारी दुर्घटनामा परी घाइते भएका कार चालकको मृत्यु भएको छ । दुर्घटनामा कार चालक कास्कीको पोखरा महानगरपालिका-५ का ३५ वर्षीय समीर ओझाको उपचारका क्रममा पुरानो मेडिकल कलेज भरतपुरमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

बाँकेको नेपालगञ्जबाट काठमाडौंतर्फ गइरहेको भे१ख ४०६० नम्बरको यात्रुबाहक बस र काठमाडौंबाट मुग्लिनतर्फ आइरहेको बागमती प्रदेश ०२-०२९ च ३७२० नम्बरको कार एकापसमा ठोक्किएर उक्त दुर्घटना भएको हो । दुर्घटनामा परी १३ जना घाइते भएका छन् ।

घाइते तीन जनाको अवस्था गम्भीर छ । चारजना उपचारपश्चात् घर फर्किएको प्रहरीले जनाएको छ । कारसँग ठोक्किएपछि बस त्रिशूली नदी किनारमा खसेको थियो । जिल्ला ट्राफिक प्रहरी कार्यालय गजुरीका अनुसार बसमा ४५ जना यात्री थिए । *रासस*



# सुदूरमा प्रहरीलाई भौतिक संरचना अपुग

**महेन्द्रनगर (कञ्चनपुर)**– तराईका दुई र पहाडमा सात जिल्ला रहेको सुदूरपश्चिम प्रदेशमा नेपाल प्रहरीले अझै अरू निकायका भवन र भाडाका भवनमा आश्रय लिएर समाज सुरक्षाको जिम्मेवारी बहन गरिरहेको छ ।

उत्तरमा चीनको सीमादेखि कैलाली र कञ्चनपुरमा भारतसितको खुला सीमानाका जोडिएको सुदूरपश्चिम प्रदेशमा प्रहरीले अपराध नियन्त्रण, शान्ति सुरक्षा र नागरिकको जीउधनको रक्षाका निम्ति भाडा र स्थानीय तह, विद्यालय, तथा अन्य सार्वजनिक भवनमा चौकी स्थापना गरिएको अवस्था छ । सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायब महानिरीक्षक रवीन्द्र केसीले जिल्ला प्रहरी कार्यालय र इलाका स्तरसम्म प्रहरीको आफ्नै सुविधा सम्पन्न भौतिक संरचना बनिसकेको बताए । उनले गाउँघरमा चौकी र बिटहरूको भौतिक संरचना निर्माण कार्य दोस्रो चरणमा रहेको जानकारी दिए ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयले दिएको जानकारीअनुसार यहाँका नौ वटा जिल्लाका विभिन्न स्थानमा गरी ३६ वटा प्रहरी युनिट भाडाका घरमा सञ्चालित छन् । सत्र प्रहरी युनिट पालिका, संघ/संस्था, विद्यालयलगायतका निकायका भवनमा सञ्चालित छन् । तराईका भन्दा पहाडी जिल्लाका दूरदराजका प्रहरी चौकी प्रायः भाडा र अरू निकायको भवनबाट सञ्चालित छन् ।

पछिल्लो समय संघीय बजेट र प्रदेशको बजेटले यहाँ प्रहरीका भौतिक संरचना निर्माण हुने क्रम जारी छ । सुदूरपश्चिम प्रदेश सरकारको लगानीमा गत वर्ष यहाँ आठवटा प्रहरी कार्यालयका भवन निर्माण भएका थिए । आन्तरिक मामिला तथा कानुन मन्त्रालयले चालु आवमा यहाँ सात प्रहरी कार्यालय निर्माणाधीन रहेको जनाएको छ ।

मन्त्रालयको योजना शाखाका नासु मनोज जोशीले सुदूरपश्चिममा इप्रका र प्रहरी चौकी प्रदेश सरकारको लगानीमा बढी संख्यामा निर्माण भइरहेका बताए । '५० लाख रूपैयाँदेखि चार करोड रूपैयाँसम्मका प्रहरी भवन प्रदेश सरकारको लगानीमा निर्माण हुँदै छन्,' उनले भने, 'नयाँ भवनका साथै पुराना भवनको मर्मत एवं संरक्षण सम्वर्द्धनमा पनि प्रदेश सरकारले लगानी गरेको छ ।' *रासस*

# गण्डकी प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम पारित

**गण्डकी (प्रस)**– गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम बहुमतले पारित भएको छ । प्रदेशसभाको शुक्रबारको बैठकमा प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नीति तथा कार्यक्रम पारित गरियोस् भन्दै गरेको प्रस्ताव सभाले बहुमतले पारित गरेको हो ।

यसअघि नीति तथा कार्यक्रममाथिको छलफलमा प्रदेशसभा सदस्यहरूले भाग लिएका थिए । छलफलमा सदस्यहरूले सरकारका नीति तथा कार्यक्रमहरू कार्यान्वयनयोग्य हुनुपर्ने बताएका थिए । सरकारका काम कारबाहीले प्रदेशको औचित्य पुष्टि हुनुपर्नेमा जोड दिँदै सदस्यहरूले संघीयताको आकर्षण भनेको नै प्रदेश भएको उल्लेख गरे ।

छलफलमा उठेका प्रश्नका जवाफ दिँदै मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशसभामा उठेको विषयलाई आत्मसात् गर्दै अघि बढ्ने बताए । नीति तथा कार्यक्रममा सञ्चार क्षेत्रको प्रसंग नियतबस् नछुटाइएको उल्लेख गर्दै उनले चालु वर्षमा सञ्चार क्षेत्रलाई सरकारले प्राथमिकतामा राखेको र आगामी वर्ष पनि यसले निरन्तरता पाउने धारणा राखे । पत्रकार बिमा, लेखनवृत्ति, लोककल्याणकारी विज्ञापनलगायतका व्यवस्थाले निरन्तरता पाउने बताउँदै उनले लामो समयदेखि रोकिएको आमसञ्चार विधेयकलाई अगाडि बढाएर पारि तसमेत गरेको उल्लेख गरे ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्ने विषय प्रदेश, मुलुकको मात्र नभई अन्तर्राष्ट्रिय विषय भएको बताउँदै उनले यहाँ अन्तरदेशीय उडानहरू हुनुपर्ने बताए । यसका लागि प्रदेशले मात्र नभई संघीय सरकारले चाहनुपर्ने बताउँदै उनले यहाँबाट जाने गन्तव्य रहेको त्यहाँको सरकारले पनि चाहनुपर्ने बताए । यसबारे पहलहरू भइरहेको र शुक्रबार बिहानमात्रै पनि पोखराबाट बंगलादेशमा सीधा हवाई उडानका विषयमा छलफल भइरहेको बताए । समाजवादलाई हेर्ने दृष्टिकोणहरू फरक-फरक रहेको बताउँदै उनले यो समय र स्थानअनुसार पनि फरक हुने उल्लेख गरे ।

# थोरोङ पिक हिमाल आरोहीलाई सम्मान

**गण्डकी (प्रस)**– नेपाल पर्वतारोहण संघ गण्डकी प्रदेशको आयोजना एवं नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धनमा आयोजित थोरोङ पिक हिमाल आरोहण गरेका आरोहीलाई शुक्रबार पोखरामा नगरपरिक्रमासहित सम्मान गरिएको छ । प्रशिक्षकसहित नौ पर्वतारोहीले यही जेठ ३० गते थोराङ पिक हिमालको आरोहण गरेको नेपाल पर्वतारोहण संघ गण्डकी प्रदेशका अध्यक्ष विकास गुरुङले जानकारी दिए । उनका अनुसार आरोहीहरूले पाँच हजार ४१६ मिटर उचाइको थोराङ पास हुँदै छ हजार १४४ मिटर उचाइको थोराङ पिक आरोहण गरेका थिए ।




आरोहीको नगरपरिक्रमा एवं सम्मान कार्यक्रममा गण्डकी प्रदेशका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव कुमानसिंह गुरुङले पर्वतारोहण पर्यटन नेपालको विशिष्टता भएको बताए । गण्डकी प्रदेशमा रहेका अन्नपूर्ण, धवलागिरि, मनास्लुलगायतका हिमाललाई अपेक्षितरूपमा पर्यटकीय प्रवर्द्धन गर्न नसकिएको उल्लेख गर्दै उनले यसतर्फ सम्बद्ध सबैको ध्यान पुग्नु जरुरी रहेको बताए । हामीसँग जनशक्तिको अभावसँगै भएको जनशक्ति पनि प्रयोग हुन नसकेकोतर्फ ध्यान दिनुपर्नेमा उनले जोड दिए ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख नवीन पोखरेलले पर्वतीय पर्यटन नेपालको पहिचान भएकाले यसको उपयोग गर्नु आवश्यक भएको बताए । गण्डकी प्रदेशमा रहेका हिमाली चुचुरालाई पर्यटनसँग जोड्नु आवश्यक भएको उनको भनाइ छ । कार्यक्रम संयोजक एवं नेपाल पर्वतारोहण संघ गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष शेषकान्त शर्माले संघकै आयोजनामा कोरोनालगत्तै छ हजार १२ मिटरको धम्पुस पिक आरोहण गरिएको उल्लेख गर्दै थोराङ पिक आरोहणका विभिन्न अनुभव सुनाए ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले गण्डकी प्रदेशका हिमाललाई आरोहण पर्यटनसँग जोड्नुपर्ने आवश्यकता औंल्याउँदै यसका लागि दक्षजनशक्ति तयार गर्नेतर्फ ध्यान दिनुपर्ने बताए । कार्यक्रममा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका लेखा अधिकृत एवं आरोहण दलका सदस्य सागर श्रेष्ठ, प्रमुख प्रशिक्षक पुरबहादुर गुरुङ, नेपाल पर्वतारोहण संघ गण्डकी प्रदेशका पूर्वअध्यक्ष जीवनराज सापकोटा, सचिव मनसान्त घिमिरे, सल्लाहकार टीकाराम सापकोटालगायतले आ-आफ्नो धारणा राखेका थिए ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ECO PURE TECHNICAL SERVICES

पुर्व स्वीकृति मिति २०८०/११/०९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३२ LT No.300284 चलानी नं. ६०२१५२७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 2 | 1000 | ३६,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ८ गते (22nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INTERPID RECRUITMENT SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com,
Rudin Dahal: 9842749866
Permission No. 1676/080/081
INTREPID LEARN ADAPT EVOLVE

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFIR PLUS VALET PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१०/१५ पुन विज्ञापन स्वीकृति मितिः २०८१/०२/३२ LT. No.299037 चलानी नं.६०२१३९७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 30 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INTEGRATED PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१०/१५ पुन विज्ञापन स्वीकृति मितिः २०८१/०२/३२ LT. No.299036 चलानी नं.६०२१३७९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 43 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ८ गते (22nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः निःशुल्क कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd.
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : BAGATELLE DISTRIBUTION LTD

पुर्व स्वीकृति मिति : २०८०/०४/२६ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३२ LT. No.290726 चलानी नं. ६०२२११६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pastry Maker | 1 | 0 | 16665 | ४८,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ८ गते (22nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १९,५००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 981-3952892, 9706180600
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAAED EMPLOYMENT SERVICES

पुर्व स्वीकृति मिति २०८१/०२/३१ LT. No. 306131 चलानी नं. ६०२२११३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 100 | 0 | 1200 | ४३,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 100 | 0 | 1200 | ४३,९१० | | | | | | | |
| 3 | Helper | 100 | 0 | 900 | ३२,९३० | | | | | | | |
| 4 | Mason | 100 | 0 | 1200 | ४३,९१० | | | | | | | |
| 5 | Plumber | 100 | 0 | 1200 | ४३,९१० | | | | | | | |
| 6 | Steel Fixer | 100 | 0 | 1200 | ४३,९१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ७ गते (21st June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 306131 मितिः २०८१/०२/३२ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np
Licence No.: 811/065/066

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NASHMA AL JAMAL CLEANING SERVICES

पूर्व स्वीकृति मितिः २०८०/११/२९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३२ LT. No.301480 चलानी नं. ६०२१६३४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 100 | 0 | 1000 | ३६,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ८ गते (22nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Advance Recruitment Service Pvt. Ltd.
श्रम ईजाजत नं. ४४४/०६०/०६१
Gaushala, Ktm, Nepal, Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069

# प्रभाव दैनिक

शनिबार ०१, असार २०८१ (Saturday, June 15, 2024)





## मिस माल्टाको टिम नेपाल भ्रमणमा आउने

मिस माल्टाको टीम नेपाल भ्रमणमा आउने तय भएको छ । यही अगस्ट पहिलो साता मिस माल्टाको टीम एक साता भन्दा लामो समयका लागि नेपाल भ्रमणमा आउने निश्चित भएको गैरआवासीय नेपाली संघ (एनआरएनए)का अभियन्ता तथा माल्टाका लागि नेपालको पर्यटन दूत प्रकाश भण्डारीले जानकारी दिए । उनले भने, 'मिस माल्टाको टीम नेपाल भ्रमणमा आउने निश्चित भएको छ । यसबारे निर्णय भइसकेकाले अब हामी भ्रमणको ठोस तालिका बनाउन लागिपरेका छौँ ।'





# 'लभर ब्वाई'का रूपमा किरणको डेब्यू

**काठमाडौं (प्रस)–** फिल्म 'पर्खी बसें तिमीलाई' पछि अभिनेता किरण श्रेष्ठ दोस्रो फिल्म 'दान्भी'मार्फत यही असार ७ गतेदेखि दर्शकमाझ आउँदैछन् । 'डेब्यू' फिल्ममा 'लभर ब्वाई'का रूपमा प्रस्तुत भएका उनी 'दान्भी'मा भने कम 'लभ', बढी 'एक्सन'मा देखिँदैछन् ।

किरणका अनुसार 'पर्खी बसें तिमीलाई' लगत्तै उनी 'दान्भी'को काममा जोडिए । फिल्ममा उनी 'सिआइबी अफिसर'को भूमिकामा देखिँदैछन् । 'मैले आफ्नो चरित्रका लागि धेरै मेहनत पनि गर्न पाइनँ । आफ्नो चरित्रका लागि निर्माताको दाईसँग केही छलफल भयो । उहाँबाट अनुसन्धानमा जाँदा केके गर्नुपर्छ भनेर केही जानकारी लिएँ । धेरै गहन छलफल गर्न पाइएन', उनी भन्छन् ।

किरणले फिल्मकै लागि लुक्समा पनि मेहनत गर्न पाएका रहेनछन् । 'पर्खी बसें पछि 'दान्भी' गर्नु परेकाले लुक्स कस्तो बनाउने भन्ने समय नै मिलेन । विपिन कार्की, सौगात मल्ल दाईले गर्नुभएको जस्तो तयारी गर्न पाइएन । मैले हल्का हाउभाउ र लुक्समा थोरै परिवर्तनमात्र गरें । सिआइबीको छनक त आएन, तर पुलिसको चाहिँ आयो', उनले हाँस्दै भने ।

एक्सन फ्लेभरको 'दान्भी'मा किरणको एक्सन सिक्वेन्स पनि राम्रै रहेछ । उनले एक्सनमा खासै मेहनत गर्नुपरेन किनकी उनी आफैं तेक्वान्दो खेलाडी हुन् । 'मैले तेक्वान्दोबाट राष्ट्रिय खेलहरू पनि खेलें । सन् २००७ देखि २०१२ सम्म तेक्वान्दो खेल्थें । त्यसकारण पनि एक्सनमा गाह्रो भएन । त्यही पनि श्री गुरु (द्वन्द्व निर्देशक श्री श्रेष्ठ)गुरुसँग एक दुई दिनको क्लास चाहिँ लिएँ । त्यसपछि सुटिङ सेटमै एक्सन कोरियोग्राफी भयो', किरणले सम्झिए । किरणका अनुसार फिल्ममा नायिका पुजा शर्मासँग पनि उनको लभ सिक्वेन्स छ ।

'दान्भी' एक्सन जनराको भएकाले दर्शकले यो फिल्म हेर्नुपर्ने किरण बताउँछन् । ' नेपालमा यतिको एक्सन प्याक्ड फिल्म सायदै कम बनेको होला । जुन हिसाबले पुजाजीले, हामीले एक्सन कोरियोग्राफी गरेका छौं, त्यो हिसाबले यस्तो एक्सन नेपाली फिल्ममा कमै होला । कथाको हिसाबले पनि हल्का सस्पेन्स छ,' उनी भन्छन् ।

किरणको पृष्ठभूमि केही रोचक छ । उनी नृत्य र तेक्वान्दोमा रुची राख्थे । एक समयमा यूकेको लाहुरे भिड्ने तयारी गरिरहँदा उनलाई उनकी दिदीले 'मिस्टर नेपाल २०१६'मा सहभागी हुन पठाइन् । त्यहाँका एक प्रतियोगीले ट्यालेन्ट राउण्डमा अभिनय गरेको देख्दा उनी प्रभावित भएछन् । त्यसपछि उनकै सल्लाहमा किरण मण्डला थिएटरमा अभिनय सिक्न पुगे ।

किरण आफ्नो चरित्रलाई दर्शकले रुचाउनेमा आशावादी छन् । 'म एक्सन फिल्म गर्न रुचाउँथे । त्यसकारण यो फिल्ममा एक्सन कलालाई देखाउन पाएको छु', उनी भन्छन् ।

रूपेश तामाङ निर्देशित फिल्म 'दान्भी' पुजा शर्मा, कुन्साङ बोमजम, किरण श्रेष्ठ, मोनासिला खतिवडा, राजाराम पौडेल, कालु रानालगायतका कलाकारको अभिनय छ ।


# 'ईश्वर'को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजु गिरीको निर्देशनमा तयार भएको फिल्म 'ईश्वर'को ट्रेलर सार्वजनिक भएको छ । ओएसआर डिजिटलबाट सार्वजनिक ट्रेलरमा युवायुवती आफ्नो कुलभन्दा बाहिरको प्रेममा परेपछि उत्पन्न समस्यालाई प्रस्तुत गरिएको छ । ट्रेलर हेर्दा अन्तरजातीय प्रेमकथालाई उठान गरेको बुझ्न सकिन्छ । ट्रेलरमा ध्रुव थापा, सुनिल थापा, बुद्धि तामाङ, अनु शाह, सबिन बास्तोला, माओत्से गुरुङ, पृथ्वीराज प्रसाई, रविन्द्र झा, कृष्टि गुरुङलगायतका कलाकार फिचर्ड छन् ।

दिव्या कंगना फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्ममा हरिबहादुर थापाको निर्माण छ । फिल्ममा भोजराज देवकोटाको पटकथा तथा संवाद छ ।

लक्ष्मी कुँवर थापाको प्रस्तुतिमा निर्माण भएको फिल्ममा ध्रुव थापा, पृथ्वीराज प्रसाईं, अनु शाह, सुनिल थापा, सविन बास्तोला, माओत्से गुरुङ, शिशिर बाङ्देल, ध्रुव थापा, रविन्द्र झा, बुद्धि तामाङ, कृष्टि गुरुङ, गीता अधिकारीलगायतको अभिनय छ । यहि फिल्मबाट अभिनेत्री अनु शाहले ५ वर्षपछि अभिनयमा कमब्याक गरेकी छन् । उनको पछिल्लो प्रदर्शनमा आएको फिल्म 'पसिना' हो ।



फिल्ममा अर्जुन पोखरेल, राजेन्द्र बजगाई र बीपी वाग्लेको संगीत, कविराज गहतराज, देवेन्द्र पाण्डे र सुरेश पाण्डेको कोरियोग्राफी रहेको छ । फिल्ममा रामेश्वर हुँमागाईको छायांकन र देव महर्जनको द्वन्द्व निर्देशन रहेको छ । फिल्मको वितरणको आरआर फिल्मस्ले गर्दैछ । फिल्म साउन ११ मा रिलिज हुँदैछ ।

# चाँदनीको गायनमा सफलता

**काठमाडौं (प्रस)–** विगत डेढ दशकदेखि गीत गायन क्षेत्रमा निरन्तर लाग्दै आएकी गायिका चाँदनी शाक्य सर्वोत्कृष्ट पप गायिका अवार्डवाट अवार्डेट भएकी छन् । केही दिनअघि मात्र आयोजित म्युजिकखबर म्युजिक अवार्डको ११औं संस्करणमा गायिका शाक्य आकाशमा बोलको गीतवाट सर्वोत्कृष्ट लोक पप गायिका अवार्डवाट अवार्डेट भएकी हुन् ।

उक्त अवार्ड गायिका शाक्यलाई बरिष्ठ संगीतकार आलोकश्रीले प्रदान गरेका थिए । जसवाट अत्यन्त गौरबता महशुश गरेकी गायिका शाक्यको पछिल्लो तिमीलाई बोलको रोमान्टिक गीत पनि सार्वजनिक भएको छ । ओएसआर डिजिटलवाट सार्वजनिक भएको गायिका शाक्यको यो पछिल्लो गीतको सम्पूर्ण छायाँकन अमेरिकाको न्यूयोर्कमा भएको हो ।

जसमा अकेशा विष्ट र लक्की खड्काको मायाबी अभिनय रहेको छ । रिभेल इन्कको प्रस्तुति रहेको यस गीतको भिडियोको सम्पादन तथा कलरिङ प्रविन श्रेष्ठले गरेका हुनभने, निर्देशन रुबिन शर्माको छ । बीर बहादुर लामिछानेको छायाँकन रहेको छ । यसअघि गायिका शाक्यको गायन रहेको के लेखिदियो भाग्यमा, मैया रानी, आकाशमा, बेहोशीमा बोलका गीत रिलिज भैसकेको छ ।

पश्चिम नेपालको नेपालगञ्जमा जन्मी हुर्केकी गायिका शाक्यलाई गीत गायनमा विशेष त उनको दाजुको प्रेरणा रहेको छ । दाजुको प्रेरणाले उनी यस क्षेत्रमा आएकी हुन । सानैदेखि गीत गाउने रहरलाई पूरा गरेर अवार्ड समेत जित्न सफल भएकोमा गायिका शाक्य खुशी नै खुशी देखिएकी छन् । निरन्तर गायनमा लाग्ने उनको अव भिजन र मिशन नै बनेको छ ।

## रंगशाला

# आचार्यको आरोपप्रति क्यानको खण्डन
# 'क्रिकेटको गरिमा घटायो'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान) ले नेकपा एमालेका सांसद भीम आचार्यले संसदमा टी-२० विश्वकप क्रिकेट प्रतियोगिताका सवालमा क्यानका पदाधिकारीले गरेका गलत काम कारबाहीहरूको छानबिन गर्न माग गरेकोप्रति खण्डन गरेको छ ।

क्यानका अध्यक्ष चतुर बहादुर चन्दले शुक्रबार एक विज्ञप्ति जारी गर्दै सांसद आचार्यले संसदमा नेपाली क्रिकेटको विषयमा उठाएको विषयले नेपाली क्रिकेट, संसद र सांसदको गरिमा घटाएको उल्लेख गरेका छन् । उनले हुदै नभएको कपोकल्पित कुरा सांसदले उठाएको बताएका छन् ।

उनले क्रिकेटको नाममा राजनीति गर्न खोज्नेहरूले नेपाली क्रिकेट विवादित र विभाजन गर्न खोजेको समेत आरोप लगाएका छन् ।

सांसद आचार्यले जेठ ३० गतेको प्रतिनिधि सभामा ८० डलर पर्ने टिकट १३५ रूपैयाँमा क्यान नेतृत्वले बेचेको भन्दै क्यान नेतृत्वले आर्थिक अपचलन गरेको, नेपाललाई जिताउन नभई हराउन भूमिका खेलेको र खेलाडीको शिर निहुराउने काम गरेको भनेर खेलाडीबाटै गुनासो आएको बताउदै छानबिन समितिको माग गरेका थिए ।

# तनहुँद्वारा म्याग्दी पराजित

■ प्रभाव संवाददाता

**पोखरा–** दिनेश बुढामगरको उत्कृष्ट ब्याटिङमा तनहुँले म्याग्दीलाई ११६ रनले पराजित गरेको छ । पोखरा रंगशालामा जारी पहिलो दिनको दोस्रो प्रदेशस्तरीय टि-२० पुरुष क्रिकेट प्रतियोगितामा तनहुँका दिनेशले ९५ रनको पारीको योगदान दिए पछि म्याग्दी ११६ रनले पराजित भएको हो ।

ब्याटिङका लागि तेस्रो क्रममा मैदानमा उत्रिएका म्याग्दीका बलर अशोक कार्कीको बलमा बोल्ड हुनु अघि ५३ बलको सामना गर्दै दिनेशले ६ छक्का र ७ चौका प्रहार गर्दै ९५ रनको योगदान दिए ।

तनहुँलाई सम्मानजनक स्कोर १७३ रन बनाउन उत्कृष्ट भूमिका खेलेका दिनेश म्यान अफ दि म्याच समेत घोषित भए ।

यसअघि म्याग्दीले टस आफ्नो पक्षमा पार्दै ब्याटिङको निम्तो पाएको तनहुँले २० ओभर खेल्दै ८ विकेटको क्षतीमा १७३ रन बनायो । तनहुँका लागि दिपेश अधिकारीले १८, उत्सव श्रेष्ठले १२ र इशान श्रेष्ठले १५ रनको योगदान दिए । म्याग्दीका अशोक श्रेष्ठले आफ्नो चार ओभरको स्पेलमा ३८ रन खर्चिएर ३ विकेट लिए भने हरि सुवेदीले चार ओभर बलिङमा २० रन दिएर ४ विकेट हात पारे ।




यता जवाफी ब्याटिङका लागि मैदानमा उत्रिएको म्याग्दी १६.२ ओभरमा सबै विकेट गुमाउँदै ५७ रनमा समेटियो । तनहुँका चन्द्रकान्त पौडेलले आफ्नो चार ओभरको स्पेलमा एक मेडनका साथ १४ रन दिएर म्याग्दीका चारजना खेलाडीलाई सस्तैमा पेभिलिएन फर्काए । उनले म्याग्दीका आकाश विक ४ रनको व्यक्तिगत स्कोर तथा विश्वास थापा, जस्मिन थापा र दिपक विकलाई डक आउट गरे भने सन्दिप पराजुलीले २.२ ओभरमा ६ रन दिएर २ विकेट लिए । म्याग्दीका लागि दोहोरो रन जोड्ने एक मात्र ब्याटर सिद शाक्य २६ बलको सामना गर्दै १२ रनमा रिर्टायड हर्ट हुँदै पेभिलिएन फकिएका थिए ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा प्रादेशिक क्रिकेट संघको व्यवस्थापनमा सुरु भएको प्रतियोगिताको दोस्रो दिन शनिबार कास्की र म्याग्दी र दोस्रो खेल बाग्लुङ र तनहुँबीच हुनेछ ।प्रतियोगितामा उपाधि बिजेता टिमले नगद रु १ लाख र उपबिजेताले नगद ५० हजारसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

## टी-२० विश्वकप

# दक्षिण अफ्रिकाविरुद्ध खेल्दै नेपाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** अमेरिका र वेस्टइन्डिजमा जारी आइसिसी टी ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत समूह 'डी' अन्तर्गत नेपालले भोलि टेस्ट मान्यता प्राप्त राष्ट्र दक्षिण अफ्रिकाको सामना गर्दैछ ।

वेस्टइन्डिजको सेन्ट भिसेन्टस्थित अरनोस भाल रङ्गशालामा हुने उक्त खेल नेपाली समयअनुसार बिहान ५:१५ बजे सुरु हुने छ । नेपालले दक्षिण अफ्रिकासँग सिनियर टोलीमा पहिलोपटक खेल्न लागेको हो । नेपाललाई विश्वकपको दोस्रो चरणमा पुग्नका लागि पनि दक्षिण अफ्रिकाविरुद्धको खेल जित्नै पर्ने बाध्यता छ ।

विश्वकपमा दक्षिण अफ्रिका समूह 'डी'बाट सुपर आठमा पुगिसकेको छ । दक्षिण अफ्रिकाले यसअघि खेलेको तीन खेलमा तीनैमा जित हात पारेको छ । दक्षिण अफ्रिकाले श्रीलङ्का, बङ्गलादेश र नेदरल्यान्डसलाई पराजित गर्दै एक खेल अगावै सुपर आठमा पुगेको हो ।

त्यस्तै, नेपालले यसअघि दुई खेल खेलेकामा एक खेलमा हार तथा एक खेल बराबरी खेलेको थियो । पहिलो खेलमा नेपाल नेदरल्यान्डसँग पराजित भएको थियो भने श्रीलङ्काविरुद्धको खेल वर्षाका कारण रद्द भएको थियो, जसअनुसार दुवै टोलीले समान एक/एक अङ्क बाँडेका थिए ।




नेपाली राष्ट्रिय टोलीका कप्तान रोहितकुमार पौडेलले दक्षिण अफ्रिकाविरुद्धको खेलमा आफ्नो टोलीले रामो खेल प्रदर्शन गर्ने विश्वास व्यक्त गरे । उनले दक्षिण अफ्रिका बलियो राष्ट्र भएकाले यस खेलमा जित निकाल्न सबै खेलाडी सङ्गठित भएर खेल्ने बताए ।

विश्वकपअन्तर्गत समूह 'डी'मा दक्षिण अफ्रिका छ अङ्कका साथ शीर्ष स्थानमा छभने चार अङ्क बटुलेको बङ्गलादेश दोस्रो स्थानमा छ । त्यसैगरी, दुई अङ्कका साथ नेदरल्यान्डस तेस्रो स्थानमा रहँदा नेपाल एक अङ्कका साथ चौथो स्थानमा छ । समान एक अङ्क नै बटुलेको श्रीलङ्का अन्तिम स्थानमा छ ।

# एएफसी महिला च्याम्पियनसिपमा एपिएफ

■ प्रभाव संवाददाता

**काठमाडौं–** विभागीय टोली शसस्त्र प्रहरी बलको एपिएफ क्लबले एएफसी महिला च्याम्पियन्स लिगमा सहभागिता जनाउने भएको छ। उक्त प्रतियोगिता एपिएफसहित २२ टोलीले खेल्ने एसियन फुटबल महासंघ (एएफसी)ले जनाएको हो । एएफसीका अनुसार लिगको प्रारम्भिक छनोट अगस्ट २५ देखि ३१ सम्म हुनेछ । समूह चरणका खेलहरू अक्टोबर ६ देखि १२ सम्म हुनेछ। यस्तै, फाइनल खेल २०२५ मेमा हुने तालिका छ ।



फिफा महिला वरियताअनुसार शीर्ष आठ राष्ट्र सीधै समूह चरणमा प्रतिस्पर्धा गर्नेछन् । १४ क्लबले भने प्रारम्भिक छनोट खेल्नुपर्ने हुन्छ । जोर्डन, मलेसिया, साउदी अरब र थाइल्यान्डले प्रारम्भिक छनोट आयोजना गर्नेछन् । समूह चरणको खेल चीन र भियतनाममा हुनेछ ।

समूह विभाजन तथा प्रारम्भिक छनोटको तालिका जुलाई १८ मा घोषणा हुने एएफसीले जनाएको छ ।




यौन दुर्व्यवहार, बलात्कार र महिलामाथिको उत्पीडनविरुद्ध जेरुसेलममा आयोजित 'स्लटवाक' र्‍यालीमा सहभागी प्रदर्शनकारीहरू । उनीहरूले गाजा पट्टीमा चलिरहेको युद्धको अन्त्यका लागि आह्वान गर्नुका साथै र अक्टोबर ७ मा गाजामा भएको आक्रमणमा बन्धक बनाइएकाहरूको रिहाइका लागि माग गरेका छन् । *तस्बिरः एएफपी*

# हुथी समूहद्वारा ढुवानी जहाजमा बारम्बार मिसाइल आक्रमण



**दुबई–** यमनका हुथी विद्रोहीहरूले बिहीबार एडनको खाडीमा बल्क कार्गो क्यारियरमा दुई क्रुज मिसाइल प्रहार गरेको अमेरिकी सेनाले जनाएको छ । 'एम/भि भर्बेना-पलाउआन-झण्डा भएको, युक्रेनी स्वामित्वमा रहेको, पोल्यान्डद्वारा सञ्चालित जहाजमा क्षति र त्यसपछिको आगलागी भएको रिपोर्ट गरिएको छ । आक्रमणको क्रममा एक जना जहाज सञ्चालक गम्भीर घाइते हुनुभएको छ,' युएस सेन्ट्रल कमान्ड (सेन्टकम) ले एक विज्ञप्तिमा जानकारी गरायो ।

हुथीहरूले गाजा पट्टीमा चलिरहेको इजरायल-हमास युद्धको क्रममा प्यालेस्टिनीहरूसँग एकतामा रहेको बताउँदै नोभेम्बर २०२३ देखि लाल सागर र एडनको खाडीमा पानीजहाजहरूलाई लक्षित आक्रमण गर्दै आएका छन् । यसले अन्तर्राष्ट्रिय ढुवानीमा ठूलो अवरोध ल्याएको छ । हुथी समूहले बिहीबार गाजा पट्टीमा जनताविरुद्ध गरिएको अपराधको प्रतिशोधमा र आफ्नो देशविरुद्धको अमेरिकी-ब्रिटिस आक्रमणको प्रतिक्रियामा विगत २४ घण्टाभित्र भर्बेनासहित तीनवटा जहाजहरूमा आक्रमण गरेको बताएका छन् ।

यसैबीच संयुक्त राज्य मेरिटाइम ट्रेड अपरेसन (युकेएमटिओ) ले यमनको विद्रोहीको कब्जामा रहेको होडेडा बन्दरगाहबाट करिब ८० नटिकल माइल उत्तरपश्चिम लाल सागरमा व्यापारिक जहाज नजिकै विष्फोट भएको बताएको छ । सेन्टकमका अनुसार पछिल्लो २४ घण्टामा हुथीहरूसँग सम्बन्धित एक एयर डिफेन्स सेन्सर, दुई गस्ती डुंगाहरू र समुद्री र हवाई ड्रोनहरू नष्ट गरेको बताइएको छ ।

सन् २०१४ मा सानाबाट सरकारलाई अपदस्थ गरेपछि हुथीहरूले नोभेम्बरदेखि लाल सागर र एडनको खाडीमा ढुवानी जहाजहरूमा ड्रोन र मिसाइल आक्रमण सुरु गरेका हुन् । हुथीहरूले बुधबार होडेडाको दक्षिणपश्चिममा लाइबेरियाको झण्डा भएको बल्क ढुवानी जहाजलाई प्रहार गरेका थिए । उनीहरूले हमलामा समुद्री र हवाई ड्रोनका साथै ब्यालेस्टिक मिसाइलहरू प्रयोग गरेको दाबी गरेका छन् । 'गाजामा प्यालेस्टिनीहरूको पक्षमा रहेको दाबी गर्दै द्वन्द्वसँग कुनै सम्बन्ध नभएका तेस्रो देशका नागरिकहरूको जीवनलाई लक्षित आक्रमण र धम्की दिइरहेका छन्,' सेन्टकमले बिहीबार हुथीहरूलाई आरोप लगायो । *रासस/एएफपी*

# श्रीलंकाको अर्थतन्त्र २.२ प्रतिशतले विस्तार हुने अनुमान

**कोलम्बो–** श्रीलंककाको अर्थतन्त्र सन् २०२४ मा २.२ प्रतिशतले विस्तार हुने र सन् २०२६ मा तीन प्रतिशत पुग्ने अपेक्षा विश्व बैंकले छ । सन् २०२४ को प्रारम्भमा, पाकिस्तान र श्रीलंकालगायतका धेरै देशहरूमा निजी क्षेत्रको गतिविधि बढेको छ, रिपोर्टमा उल्लेख गरिएको छ ।

रिपोर्टका अनुसार श्रीलंकामा आर्थिक गतिविधि सुदृढ भएको भई पर्यटन र रेमिटचान्स पनि पुनः प्राप्त भएको छ । यद्यपि तिनीहरू पूर्वमहामारीको स्तरभन्दा तल रहेका छन् ।दक्षिण एसिया क्षेत्रको आर्थिक वृद्धि सन् २०२४ मा ६.२ प्रतिशतमा झर्ने र सन २०२५-२६ सम्ममा यो दर कायम रहने अनुमान गरिएको छ । *रासस/सिन्ह्वा*

रूसको विदेश मन्त्रालयका प्रवक्ताले भने–

# अमेरिका–युक्रेन सुरक्षा सम्झौता केवल 'कागजको टुक्रा'



**मास्को–** रुसको विदेश मन्त्रालयका प्रवक्ताले शुक्रबार जी-७ शिखर सम्मेलनमा घोषणा गरिएको अमेरिका-युक्रेन सुरक्षा सम्झौतालाई 'केवल कागजको टुक्रा' रहेको बताएका छन् । 'यी सम्झौताहरूको कानुनी कार्यान्वयन छैन र यो केवल एक कागजको टुक्रामात्र हो,' रूसी विदेश मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले बताए ।

युक्रेनले बिहीबार अमेरिका र जापानसँग सुरक्षा सम्झौताहरूमा हस्ताक्षर गरेको थियो जुन बेलायत र फ्रान्सलगायत यसका पश्चिमी सहयोगीहरूसँग गरिएको सम्झौताको पछिल्लो शृंखला हो ।

सम्झौतामा रुसी सैन्य आक्रमणविरुद्ध युक्रेनलाई लामो समयसम्म सैन्य र आर्थिक सहयोग जारी राख्ने प्रतिबद्धता समावेश रहेको छ । जाखारोभाका अनुसार सम्झौताको मुख्य उद्देश्य 'युक्रेनमा रहेका नागरिकहरूलाई विश्व समुदाय अझै पनि उनीहरूको साथमा छ भन्ने देखाउनुमात्र हो । वास्तवमा, यी सबै देश युक्रेनको भविष्यका लागि कानुनी जिम्मेवारीबाट टाढा रहन्छन्,' उनले बताए ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले वासिङ्टनसँग हस्ताक्षर गरिएको १० वर्षे सम्झौता आफ्नो देशका लागि नेटो सदस्यता प्राप्त गर्ने पुल भएको बिहीबार बताए । *रासस/एएफपी*

# भारतमा बाढीपहिरोबाट ६ जनाको मृत्यु

**कोलकाता (भारत)–** भारतको उत्तरपूर्वको दुर्गम क्षेत्रमा भारी वर्षापछि आएको आकस्मिक बाढी र पहिरोमा परी छ जनाको मृत्यु भएको अधिकारीहरूले शुक्रबार एएफपीलाई बताएका छन् ।

भारतीय पर्यटकहरूमा लोकप्रिय चीनको सिमानामा रहेका राज्य सिक्किमको प्रभावित क्षेत्र वरपर पाँच जना बेपत्ता भएका छन् । राज्य सरकारका वरिष्ठ अधिकारी गोपीनाथ राहाले तिस्ता नदीको बाढीले सडक तथा पुलहरू बगाउनुका साथै एक हजार ५०० भन्दा बढी मानिसहरू बाढीमा फसेको बताएका छन् ।

बिहीबार बिहान तिस्ता नदीको जलस्तर खतराको निशान नाघेकोले सडकमा गम्भीर क्षति पुगी यातायात अवरुद्ध भएको उनले बताएका छन् । उनका अनुसार सिक्किमको उत्तरी भागका विभिन्न बिन्दुहरूमा १०० भन्दा बढी सवारीसाधन प्रभावित भएका छन् । मंगन जिल्ला प्रहरी अधीक्षक सोनम डिचूले राज्यको उत्तरका केही भागहरू 'देशका बाँकी भागहरूबाट काटिएको उल्लेख गर्दै बाढीले उक्त क्षेत्रका धेरै घरहरू बगाएको बताएका छन् । सिक्किमको राज्य विपद् एजेन्सीले उद्धार कार्य जारी रहेको तर स्थानीय मोबाइल फोन नेटवर्कमा भएको क्षतिले राहत कार्यमा बाधा पुर्‍याएको शुक्रबार बताएको थियो । *रासस/एएफपी*

# भारतमा आगलागी हुँदा चार जना वन अधिकारीको मृत्यु



**नयाँदिल्ली–** उत्तरी भारतीय राज्य उत्तराखण्डको वन्यजन्तु आरक्षणमा भएको आगलागी निभाउँदा चार जना वन अधिकारीहरूको मृत्यु हुनुका साथै अन्य चार जना जलेको अधिकारीहरूले शुक्रबार बताएका छन् । उत्तराखण्डको राजधानी सहर देहरादुनबाट करिब तीन सय ७० किलोमिटर पूर्वमा रहेको अल्मोरा जिल्लाको सिभिल सोयाम वन डिभिजनअन्तर्गत रहेको बिनसर वन्यजन्तु आरक्षणमा आगलागी भएको उनीहरूले बताएका छन् ।

वन विभागका अधिकारीहरूका अनुसार बिहीबार साँझ आगो निभाउन आठ सदस्यीय टोली घटनास्थलमा पुगेको थियो । यद्यपि, तीव्र हावाले आगोलाई बढायो, जसको परिणामस्वरूप टोलीका चार सदस्यहरूको मृत्यु भयो र अन्य चार जना गम्भीररूपमा जलेका थिए । घाइतेहरूलाई एयरलिफ्ट गरेर अस्पताल लगिएको छ । उत्तराखण्ड मुख्यमन्त्री पुष्करसिंह धामीले घटनाप्रति दुःख व्यक्त गर्दै बिनसर वन्यजन्तु आरक्षणमा लागेको आगलागी तत्काल नियन्त्रण गर्न वायुसेनाको सहयोगमा वन विभागका शीर्ष अधिकारीलाई निर्देशन दिएका छन् । अधिकारीहरूले राज्यमा वनमा लागेको आगोको पुनरुत्थानको श्रेय गर्मी र सुख्खा मौसमलाई दिएका छन् । *रासस/सिन्ह्वा*

# महिला जननांग विकृति (एफजिएम) सम्बन्धी विश्वव्यापी कारबाही आवश्यक : राष्ट्रसंघ

**जेनेभा (स्वीट्जरल्याण्ड)–** महिला जननांग विकृति (एफजिएम) प्रक्रियाका लागि युवतीहरूलाई उनीहरूको परिवारले अन्य देशहरूमा लैजाने क्रम बढ्दो भएपछि यसविरुद्धको लडाइँ कमजोर भइरहेको संयुक्त राष्ट्रसंघले शुक्रबार चेतावनी दिएको छ ।

यसले सीमापार र अन्तरदेशीय एफजिएमको समस्या समाधान गर्न ठोस विश्वव्यापी कारबाही आवश्यक रहेको बताएको छ ।

धेरै देशले एफजिएम उन्मूलन गर्ने प्रयासहरू बढाएको छ । यो अभ्यास विश्वभर जारी रहे पनि केही क्षेत्रका मानिसहरूले युवतीहरूलाई गोप्य रूपमा विदेश लगेर यो प्रक्रिया गराउने अभ्यासका कारण यस्तो अवस्था आएको संयुक्त राष्ट्र मानवअधिकार कार्यालयबाट जारी प्रतिवेदनले जनाएको छ ।

विशेषगरी युरोप र उत्तरी अमेरिकाका परिवारहरूले आफ्ना छोरीहरूलाई स्कुल बिदाको समयमा एफजिएम गर्न आफ्नो मूल समुदायमा लैजाने गरेको कार्यालयले जनाएको छ ।

अफ्रिकाका अधिकांश देशहरूले यस अभ्यासलाई अपराधीकरण गरेको भएता पनि केही देशहरूले 'अन्तरदेशीय एफजिएम हबहरू' को रूपमा सेवा गरेको प्रतिवेदनले जनाएको छ । महिला जननांग विकृति लैंगिक हिंसाको हिस्सा भएको जनाउँदै मानवअधिकारको सम्मान गर्ने ब्रह्माण्डमा यसको कुनै स्थान नभएको संयुक्त राष्ट्रसंघका अधिकार प्रमुख भोल्कर टर्कले विज्ञप्तिमा जनाए ।

राष्ट्रसंघीय बाल एजेन्सी (युनिसेफ)ले एफजिएमलाई 'महिलाको बाह्य अंगहरू गैरचिकित्सा कारणले आंशिक वा पूर्णरूपमा हटाउने' भनेर परिभाषित गरेको छ । यसले संक्रमण, रक्तस्राव, बाँझोपन र प्रसवमा हुने जटिलताहरूसहित गम्भीर स्वास्थ्य समस्याहरू निम्त्याउन सक्ने युनिसेफले जनाएको छ । *रासस/एएफपी*


## युरोपीयन मुलुक माल्टामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LOTUS INTERNATIONAL LTD

पुर्व स्वीकृति मिति २०८१/०२/३२ | LT No. 306472 | चलानी नं. ६०२२११८६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: EURO | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashiers | 5 | 0 | 935 | १३३,७१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef | 7 | 0 | 1100 | १५७,३१४ | | | | | | | |
| 3 | cleaner | 5 | 0 | 935 | १३३,७१७ | | | | | | | |
| 4 | Dish Washers | 3 | 0 | 935 | १३३,७१७ | | | | | | | |
| 5 | Helper | 5 | 0 | 935 | १३३,७१७ | | | | | | | |
| 6 | Kitchen Helper | 5 | 0 | 935 | १३३,७१७ | | | | | | | |
| 7 | salesperson | 4 | 0 | 935 | १३३,७१७ | | | | | | | |
| 8 | Stockers | 4 | 0 | 935 | १३३,७१७ | | | | | | | |
| 9 | Storekeeper | 3 | 0 | 935 | १३३,७१७ | | | | | | | |
| 10 | Waiter/Waitress | 10 | 0 | 935 | १३३,७१७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ८ गते (22nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः ५०,०००

INTERPID RECRUITMENT SERVICES PVT. LTD

Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531

Mail: info@interpidhr.com, Web: www.interpidhr.com,

Permission No. 1676/080/081

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Sunlight Cleaning & Contracting W.L.L.

पूर्व स्वीकृति मिति २०८१/०२/३१ | LT. No. 306469 | चलानी नं. ६०२२१११६७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 1 | 3 | 1000 | ३६,७०२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 4 | 1 | 1000 | ३६,७०२ | | | | | | | |
| 3 | SUPER VISOR | 1 | 0 | 2500 | ९१,७५६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ८ गते (22nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.

Shantinagar, Kathmandu, Nepal Tel.01-4620777

E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com

Website : www.sunlightrecruitment.com.np

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १४१२०० | प्रति तोला - १४०५०० | प्रति तोला - १८०० |



पाकेको धान | नुवाकोटको लिखु गाउँपालिका, थानसिङस्थत खेतमा पाक्दै गरेको चैते धानबाली ।

*तस्बिरः हरिराम भेटुवाल/रासस*

## अवैध व्यापार रोक्न भ्याट बिजकमा 'एचएस कोड' अनिवार्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** भन्सार छली गरी अवैध मार्गबाट भित्रिने वस्तुको व्यापार नियन्त्रण गर्न सरकारले मूल्य अभिवृद्धि कर (भ्याट) बिजक जारी गर्दा 'हार्मोनाइज्ड कोड' (एचएस कोड) अनिवार्य उल्लेख गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको छ । अभिवृद्धि कर नियमावलीमा संशोधनमार्फत भ्याट बिल जारी गर्दा एचएस कोड अनिवार्य गरिएको हो ।

एचएस कोड भनेको सामानको पहिचान (आइडेन्टिटी) नम्बर हो । मूल्य अभिवृद्धि कर (२६औं संशोधन) नियमावली, २०८१ को अनुसूची-५ र अनुसूची-६ संशोधन गरी बिजक जारी गर्दा एचएस कोड अनिवार्य गरिएको हो । नयाँ व्यवस्थाअनुसार बिजकको नयाँ ढाँचा राजपत्रमा प्रकाशित भइसकेको छ । मूल्य अभिवृद्धि करसम्बन्धी नियमावलीको अनुसूची-५ (ख) मा कर नयाँ बिजकको ढाँचा समावेश गरिएको छ ।

उक्त ढाँचाको पहिलो कोठामा सिरियल नम्बर, दोस्रो कोठामा एचएस कोड र तेस्रो कोठामा विवरण उल्लेख गर्नुपर्ने प्रावधान राखिएको अर्थ मन्त्रालयको राजस्व महाशाखाका प्रमुख एवं सहसचिव धनिराम शर्माले जानकारी दिए । यसअघि बिजकको पहिलो कोठामा सिरियल नम्बर र दोस्रोमा विवरण उल्लेख गर्ने गरिएको थियो । उनका अनुसार बिजको नयाँ ढाँचाअनुसार अबदेखि बिजक जारी गर्दा एचएस कोडको सुरुको चार अंक अनिवार्य खुलाएको हुनुपर्नेछ ।

नियमावलीको अनुसूची-६ संशोधन गरी निकासी भन्ने शब्दलाई परिमार्जन गरी निर्यात शब्द राखिएको शर्माले बताए । नयाँ व्यवस्थाले वैध वा अवैध बाटोबाट आयातित सामान छुट्याउन सकिने र राजस्व वृद्धिमा उल्लेख्य सुधार हुने उनको भनाइ छ ।

राजस्व महाशाखाका प्रमुख शर्माका अनुसार यो व्यवस्थाले आगामी दिनमा कुनै पनि सामान वैध 'च्यानल'बाट आएको हो वा होइन भन्ने छुट्याउन सजिलो हुनेछ ।

'बिजकमा बिक्री भएको सामानको एचएस कोड अनिवार्य गर्नुपर्ने व्यवस्थाले बजार अनुगमनका क्रममा अवैधरूपमा भित्रिएका सामान बिक्री वितरण भए/नभएको सजिलै छुट्टाउन (ट्र्याक) गर्न सकिन्छ', उनले भने, 'कुन सामान भन्सारको बाटो भएर आएको हो र कुन सामान भन्सार छली गरी आयात गरिएको हो छुट्याउन सकिने भएकाले राजस्व संकलनमा समेत यो व्यवस्थाले सकारात्मक नतिजा आउने छ ।'

यही जेठ १६ गतेदेखि नयाँ व्यवस्था कार्यान्वयनमा आइसकेको शर्माले जानकारी दिए । योसँगै व्यक्तिगत प्रयोजनका नाममा अनौपचारिक माध्यामबाट ल्याएर बजारमा बिक्री गर्ने प्रवृत्तिसमेत निरुत्साहित हुने विश्वास अर्थ मन्त्रालयको छ ।

## 'नेपालको ऊर्जा क्षेत्रमा नयाँ क्रान्तिको सुरुआत'

■ प्रभाव संवाददाता



**बागमती–** ऊर्जा, सिँचाई तथा जलश्रोतमन्त्री शक्तिबहादुर बस्नेतले नेपालमा ऊर्जा क्षेत्रमा नयाँ क्रान्तिको सुरुआत भएको बताएका छन् । मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११थानाभ्याङमा आयोजित ४०० केभी क्षमताको सवस्टेसन उद्घाटन समारोहमा उनले राजनीतिक परिवतनपछि ऊर्जा क्षेत्रमा नेपालमा उल्लेखनीय प्रगति भएको बताए ।

मुलुकमा थप २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने कार्ययोजनाका साथ सरकार अघि बढेको मन्त्री बस्नेतले बताए । विद्युत् उत्पादनमा वृद्धि भएसँगै अब निर्यात गरी आयश्रोत वृद्धि गरिने उनको भनाइ थियो । तीनवटै तहका सरकार, नीजि क्षेत्र र जनसहभागितामा 'जनताको जलविद्युत् कार्यक्रम' सञ्चालन गर्न लागिएको सो अवसरमा मन्त्री बस्नेतले जानकारी दिए ।

समारोहमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेशको आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमार्फत हेटौंडाको रातमाटेदेखि राप्ती नदीसम्म 'बाइपास सडक' निर्माण गरिने बताए । राजनीतिक परिवर्तन भइसकेको सन्दर्भमा अब सबैको ध्यान मुलुकको विकास र समृद्धितर्फ जानुपर्नेमा जोड दिँदै उनले यसका लागि दलीय आस्थाभन्दा माथि उठ्न सबैसँग अनुरोध गरे । समारोहमा मकवानपुरबाट प्रतिनिधिसभामा निर्वाचित सांसदद्वय दिपकबहादुर सिंह र महेश बर्तौलाले हेटौंडा बजारको विस्तार र मध्यवर्ती क्षेत्रको समस्यालाई गम्भीररूपमा लिन सरकारसँग आग्रह गरे ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले हेटौंडा ४०० केभी क्षमताको सवस्टेसन निर्माण सम्पन्न भएसँगै नीजि क्षेत्रसमेतको सहयोगमा जलविद्युत् उत्पादनतर्फ उल्लेखनीय प्रगति भइरहेको बताए । यसबाट स्वदेशमा विद्युत् प्रशारण सुनिश्चित गर्न र विद्युत् विदेशमा निर्यात गर्न बाटो खुलेको उनको भनाइ थियो ।

समारोहमा उक्त सवस्टेसन निर्माणमा योगदान पुऱ्याउने निर्माण कम्पनी र प्राविधिकहरूलाई सम्मान गरिएको थियो । मुलुकको तेस्रो ठूलो सबस्टेसनको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गरेका थिए ।

## हाडीगाँउ र वसन्तपुरमा होमस्टे

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले हाँडीगाँउ र वसन्तपुर क्षेत्रमा होमस्टे सञ्चालन गर्ने भएको छ । नगरसभाको बैठकमा महानगर प्रमुख बालेन शाहले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा उक्त स्थानमा होमस्टे सञ्चालनका लागि प्रोत्साहनसहित आवश्यक परामर्श गर्ने नीति लिएको बताए ।

हाँडीगाउँलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लाग आवश्यक परामर्श गर्ने नीति समेत महानगरले लिएको छ । त्यस्तैगरी विश्व सम्पदा सूचीमा सूचीकृत बौद्धनाथ र स्वयम्भुनाथलाई महानगरकै मातहतमा सञ्चालन र व्यवस्थाका लागि सम्बन्धित निकायसँग आवश्यक छलफल र परामर्श गर्ने नीति लिएको पनि उनले जानकारी गराए ।

साथै इन्द्र जात्रा, सेतो मच्छिन्दनाथ जात्रा, पचली भैरव जात्रा तथा अन्य पर्व तथा स्थानीय परिकारलाई संरक्षण र सम्बर्द्धन गर्दै सम्भावना भएका थप कला संस्कृतिहरूलाई युनेस्कोमा सूचीकृत गर्न आवश्यक पहल गर्ने नीति लिइने उनको भनाइ छ ।

धूमपान र मद्यपानमा बन्देज

महानगरले आगामीी आर्थिक वर्षको नीति तथा कार्यक्रममा महानगरभित्र धूमपान, मद्यपान र लागूऔषध प्रयोगमा पूर्ण बन्देज लगाउने नीति लिने भएको छ । साथै खाद्य पदार्थको गुणस्तर र स्वच्छता कायम गर्न आवश्यक प्रबन्ध मिलाइने पनि उनले जानकारी दिए । महानगरभित्र सञ्चालित स्वास्थ्य संस्थाको दर्ता प्रक्रियालाई सूचना प्रविधिमा आधारित बनाइने उनको भनाइ थियो । स्थानीय तहले प्रत्येक वर्ष असारभित्र १० गतेभित्र वार्षिक बजेट ल्याउनुपर्ने व्यवस्था छ ।

## अन्तर्राष्ट्रिय पर्यटन मेला सुरू

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपालको पर्यटनलाई अन्तर र्ष्ट्रिय बजारमा प्रवर्द्धन गर्ने उद्देश्यले काठमाडौँको भृकुटीमण्डमा आजदेखि अन्तर्राष्ट्रिय पर्यटन मेला सुरु भएको छ ।

एक कार्यक्रमका संस्कृति, पर्यटन तथा नागरिक उ•यनमन्त्री हितबहादुर तामाङले बीच उद्घाटन गर्दै नेपालको पर्यटनलाई विश्वभर प्रवर्द्धन गर्न मेला उपयोगी हुने विश्वास व्यक्त गरे । उनले यस वर्ष पर्यटन क्षेत्रमा देखिएको समस्या समाधान गरी कम्तीमा १६ लाख पर्यटक भित्र्याउने सरकारको लक्ष्य पूरा गर्न मन्त्रालय प्रतिबद्धताका साथ लागेको उल्लेख गरे ।

सन् २०२३ मा १० लाख पर्यटक नेपाल आएकामा सन् २०२४ मा कम्तीमा १६ लाख भित्र्याउने लक्ष्यका साथ सरकारले काम गरिरहेको पर्यटनमन्त्री तामाङले जानकारी दिए । पर्यटन क्षेत्रमा पहिले लगाउँदै आइएको हवाई टिकटमा भ्याट र अन्य केही अनावश्यक कर हटाउने काम भइरहेको जनाउँदै उनले पर्यटन प्रवर्द्धनका लागि विद्यमान समस्या बजेट पास हुनुअघिनै समाधान गरिने प्रस्ट पारे ।

पर्यटनमन्त्री तामाङले पर्यटन क्षेत्रले ब्यहोरिरहेको समस्या समाधान गर्न, यस क्षेत्रको विकास र प्रवर्द्धनका लागि विभिन्न करहरू हटाउने कुरामा सरकारले पहल गरिरहेको भन्दै यसबारे यथाशीघ्र सम्बोधन गरिने बताए । विश्व पर्यटन बजारमा सूचीमा नेपाल घुम्नैपर्ने गन्तव्य भएकाले पर्यटकीय सम्भावना भएका क्षेत्रमा पूर्वाधार निर्माणलगायत काम सरकारले सुरु गरिसकेको जानकारी दिए ।

पर्यटन क्षेत्रको विकासले मुलुकलाई समृद्धतर्फ लैजाने आधार तयार पार्ने हुँदा यस क्षेत्रमा काम गर्दै आइरहेका संघसंस्थासँग सहकार्य गरेर सरकारले काम गर्ने लक्ष्य लिएको मन्त्री तामाङले उल्लेख गरे ।

अन्तर्राष्ट्रिय पर्यटन मेलामा नेपाल, भारत, कोरिया, ताइवान, सिंगापुर, माल्दिभ्स, अमेरिका, नेदरल्याण्ड्स, श्रीलंका, चीन, थाइल्याण्ड, दुबई, बंगलादेश, भियतनाम, मलेसिया, भुटान सहभागी छन् । मेलामा रु एक करोडभन्दा बढी खर्च हुने आयोजक समिट इभेन्ट्स मार्केट्सले जनाएको छ ।

समिट इभेन्ट्स मार्केट्सका प्रबन्ध निर्देशक एवं मेलाका संयोजक विष्णु पाण्डेले नेपालको पर्यटन क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरसम्म जोड्न मेलाको आयोजना गरिएको बताए । नेपाल पर्यटन बोर्ड र काठमाडौं महानगरपालिकाको मुख्य सहयोग रहेको उक्त मेलामा एक हजारभन्दा बढी अवलोकनकर्ताको सहभागिता रहने उनले जानकारी दिए ।

मेलाले विभिन्न देशका पर्यटन व्यवसायीलाई एकै ठाउँमा ल्याउने र यसबाट नेपालले अन्तर्राष्ट्रियरूपमा पर्यटन प्रवर्द्धन गर्न नयाँ अवसर सिर्जना गर्ने विश्वास लिइएको आयोजकले जनाएको छ । भृकुटीमण्डपमा आयोजित मेलामा १६ देशका एक सय ५५ पर्यटन व्यवसायीको सहभागिता रहेको छ ।

## नेपाल टेलिकम र मौसम विज्ञान विभागबीच सम्झौता

■ प्रभाव संवाददाता



**काठमाडौं–** जल तथा मौसमजन्य विपद्जोखिमसम्बन्धी पूर्वसूचना प्रवाह गर्ने सम्बन्धमा नेपाल टेलिकम र जल तथा मौसम विज्ञान विभागबीच सम्झौता भएको छ । नेपाल टेलिकमको केन्द्रीय कार्यालयमा आज भएको सम्झौतापत्रमा नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) र जल तथा मौसम विज्ञान विभागका तर्फबाट महानिर्देशक डा जगदीश्वर कर्माचार्यले हस्ताक्षर गरे । सम्झौताअनुसार जल तथा मौसम विज्ञान विभागले विपद्सम्बन्धी पूर्वसूचना मोबाइल एसएमएसमार्फत प्रवाह गर्न नेपाल टेलिकमलाई आवश्यक जानकारी उपलब्ध गराउने छ ।

बाढी वा विषम मौसमजन्य विपद् जोखिमको पूर्वसूचना तथा तत्सम्बन्धी जानकारी अनुमानित क्षेत्रमा प्रकोप आउनु अगावै सर्टकोड ११५५ मार्फत ती क्षेत्रका मोबाइल फोनवाहकले प्राप्त गर्न सक्नेछन् ।

सम्झौताअनुसार वर्षा, हावाहुरी, चट्याङ, हिमपहिरो, हिमपात/हिमआँधी, तातो हावाको लहर (लू), शीतलहर, वायु प्रदूषण, घुम्रपान, बाढी, आकस्मिक बाढी, पहिरो, हिमताल विस्फोटन, डढेलो जस्ता विपद्हरूको पूर्वसूचना उपलब्ध गराइनेछ ।

यसका लागि नेपाल टेलिकमले जल तथा मौसम विज्ञान विभागलाई 'सेन्ट्रल सर्भर'मा प्रयोग गर्न पहिलेदेखि छसय सिम उपलब्ध गराइरहेकामा अब थप एक सय सिम गरी सात सय थान सिम उपलब्ध गराएको छ । सिममा प्रतिमहिना तीन सय एमबी डाटा निःशुल्क उपलब्ध छ । नेपाल टेलिकमले विसं २०७३ सालदेखि यस प्रकारको सूचना प्रवाहका लागि आवश्यक सहयोग गरिरहेको छ । विभागले सम्प्रेषण गर्ने पूर्वसूचना सन्देशहरू विसं २०७३ सालदेखि अनवरत रूपमा निःशुल्क 'मास एसएमएस सेवा'मार्फत सर्वसाधारणमा पुऱ्याई विपद् जोखिम न्यूनीकरणका लागि अतुलनीय योगदान पुऱ्याएकामा नेपाल टेलिकमको भूमिकाको उच्च कदर गर्दै कदरपत्रद्वारा सम्मानित गर्दै आएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ